# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ११९ | काठमाडौं | सोमबार, ०३ भदौ २०८१ | Prabhab National Daily | Monday, August 19, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं**

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वाँस गरौं, श्रसामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- अविश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रूपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# माओवादी केन्द्रमा असन्तुष्टि, पार्टी एकता अनिश्चित



- अध्यक्ष दाहाल र उपमहासचिव शर्माबीचको टकरावले एकता प्रक्रिया समस्यामा
- एकीकृत समाजवादी, नेसपा र नेकपासँगको एकता प्रक्रिया धकेलियो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल र उपमहासचिव जनार्दन शर्माबीच चुलिएको विवाद साम्य हुन अझै बाँकी छ । दुई नेताबीच सार्वजनिक कार्यक्रमहरूमा नै एक अर्काप्रति घोचपेच चलिरहेको छ । यसको असर पार्टी एकता प्रक्रियामा परेको देखिन्छ ।

पार्टी अध्यक्ष दाहालले एकता प्रक्रियामा माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी, महेन्द्र राय यादव अध्यक्ष रहेको नेपाल समाजवादी पार्टी (नेसपा) र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)लाई ल्याउन जोड गरिरहेका छन् । तर, पार्टीकै आन्तरिक किचलो व्यवस्थापन गर्न हम्मेहम्मेको स्थिति छ ।

जसकारण, दसैंअघि नै एकता गर्ने प्रक्रियामा व्यावधान आउने देखिएको माओवादी नेता दिननाथ शर्माले बताए । 'पार्टीभित्र अध्यक्ष कमरेडमाथि प्रश्न उठेको छ । उहाँले पार्टी स्थायी कमिटी र सार्वजनिक मञ्चहरूमार्फत पनि जवाफ दिँदै हुनुहुन्छ । जसले एकता प्रक्रियामा आउन चाहेको शक्तिलाई केही असहजता पैदा भएको छ,' शर्माले भने ।

एकता प्रक्रियामा अघि बढिरहेको भनिएका चारवटै दल समाजवादी मोर्चामा छन् । मोर्चामा रहेकामध्ये महिन्द्रराय यादवको दल माओवादी केन्द्रसँग एकताको अन्तिम प्रयासमा छ । माओवादीले अन्य दुई दलका नेताहरूसँग पनि पार्टीको सैद्धान्तिक र वैचारिक आधारबारे विमर्श गराइरहेको नेता शर्माले बताए । उनका अनुसार यहीबीचमा शीर्ष नेताहरूबीच तीनचार चरण छलफल भए पनि निर्णयको चरणमा भने पुग्न बाँकी छ ।

माओवादी अध्यक्ष दाहाल र एसका अध्यक्ष नेपालबीच कम्तीमा दुई- तीनपटक छलफल भइसकेको छ । भेटमा दुवै नेताले पार्टी एकता गरेर मोर्चालाई दह्रो बनाउनुपर्ने निष्कर्ष निकालेका छन् । तर, एकीकृत समाजवादीलाई पनि एकतामा ल्याउन समय लाग्ने नेताहरू बताउँछन् । एकीकृत समाजवादीकी पोलिटब्युरो सदस्य दिलु पन्तले त्यसै एकता गर्ने पक्षमा एकीकृत समाजवादी नरहेको बताइन् ।

'एकता विचारको आधारमा हुनुपर्छ । कार्यदिशाको आधारमा हुनुपर्छ । भावनात्मक रूपमा हुनुपर्छ, पार्टी एकता,' उनले भनिन्, 'तर, विगतमा नेकपा कसरी फुट्यो त्यसरीचाहिँ पार्टी एकता गर्नु हुँदैन ।'

उसो त माओवादीभित्र देखापरेको विवाद साम्य भएकोले अब नयाँ ढंगबाट अघि बढ्ने नेताहरू बताउँछन् ।

(क्रमशः पृष्ठ २ मा)

# 'भातमोह'ले भित्र्याउँदै नसर्ने रोग

- दुई छाक नै भात खाँदा शरीरका लागि आवश्यक सबै खालका पोषकतत्त्वको अभाव
- भातमा ग्लुकोजको मात्रा बढी हुने र रगतले नियन्त्रण गर्न नसक्ने हुँदा सुगर बढ्ने समस्या
- भातकै कारण मोटोपनाजस्ता समस्या निम्तिने

■ **जेबी योञ्जन**



*प्रतीकात्मक तस्बिर*

**काठमाडौं–** मोरङको बेलबारीकी आशा झाङ्मी मगरको तौल अल्कपनीय ढंगले बढ्यो । सात वर्षअघिसम्म ५० किलो तौल भएकी उनको तौल अहिले ९५ किलो छ । मोटोपनाले सताएकी उनी गत असारको दोस्रो साता नजिकैको काठमाडौं मेडिकल कलेज (केएमसी) गइन् । त्यहाँ परीक्षण गराउँदा डाक्टरले मोटोपनको कारण भात भएको बताए ।

उनले प्रभावसँग भनिन्, 'मलाई छिनछिनमै भोक लाग्ने । के खाउँ के खाउँ हुने । यस्तो भएको केही वर्ष भयो । अनि, म त बिहान बेलुका टन्न भात खान्थें । चेक गराउँदा त डाक्टरले भातकै कारण यस्तो (मोटोपना) हुन्छ रे ।'

काठमाडौंको गोठाटारका ५७ वर्षीय देवीचन्द्र स्याङ्बालाई गत वैशाखको अन्तिमतिर एकदमै गलेको महसुस भयो । तीर्खा उत्तिकै लागिरहने भयो । अझ रातको समयमा पहिलेभन्दा धेरै पिसाब लाग्न थाल्यो । यसपछि उनी सिभिल अस्पताल बानेश्वरमा गए । त्यहाँ स्वास्थ्य परीक्षण गराउँदा सुगरको मात्रा ३२० (खानापछि) रहेको चिकित्सकले बताए । हाल उनी नियमित औषधि सेवन गर्दै आएका छन् ।



> घरमा दिनमा दुईपटक भात खानु सरासर गलत हो । भात खानेबित्तिकै चाँडै ग्लुकोजमा परिणत हुन्छ । रगतमा ग्लुकोजको बाढी भएर बग्छ । त्यसलाई रगतले नियन्त्रण गर्न सक्दैन । कालान्तरमा सुगरको मात्रा बढ्छ ।
>
> ■ **डा. बाबुराम मरासिनी**
> **जनस्वास्थ्यविद्**

चिकित्सकको कुरा उद्धृत गर्दै भने, 'तपाईं बिहान बेलुका दुईचोटि नै भात खानुहुन्छ ? मैले हो भनेँ । त्यही भएर सुगर बढ्यो तपाईंको भन्नुभयो ।'

उसो त नेपाली खानामा दालभात तरकारी मेन्यू नै भइसकेको छ । 'दालभात तरकारी, जागिर सरकारी' पनि भन्ने गरिन्छ । यसको मतलब अधिक नेपालीको जोडबल भातमै छ । यसरी भातै खान जोडबल हुँदा पछिल्ला वर्षहरूमा 'खानदानी रोग' भनिने सुगरका पीडितहरू हरेकजसो घरमा देखिन थालेको जनस्वास्थ्यविद् डा. बाबुराम मरासिनीले बताए ।

'नेपाली समाजमा कस्तो देखिन्छ भने हरेकजसो घरमा दिनमा दुईपटक भात खाने चलन छ । यो सरासर गलत हो,' उनले भने, 'त्यसरी खानेहरूमध्ये धेरै बिरामी छन् । किनभने भात खानेबित्तिकै चाँडै ग्लुकोजमा परिणत हुन्छ । हाम्रो आन्द्राले चाँडै पचाउँछ । रगतमा ग्लुकोजको बाढी भएर बग्छ । त्यसलाई रगतले नियन्त्रण गर्न सक्दैन । कालान्तरमा सुगरको मात्रा बढ्छ । कसैको अधिक तौल हुन्छ ।'

उनका अनुसार हरेक छाक भात खाँदा शरीरका लागि आवश्यक पोषक तत्त्वहरू पुग्दैन । भातमा सर्वाधिक पाइने भनेकै कार्बोहाइड्रेट हो । शरीरलाई भने प्रोटिन, फ्याट, भिटामिन एवं मिनरल्स र फाइबर आवश्यक छ । यी सबै पोषकतत्त्व हुन् । पोषणको क्षेत्रमा लामो समयदेखि क्रियाशील अर्का जनस्वास्थ्यविद् अरुणा उप्रेतीका अनुसार पोषणजन्य समस्याकै कारण नेपालमा मुख्यतः नसर्ने रोगहरूको जोखिम बढिरहेको छ । नसर्ने रोगमा सुगर, मोटोपना, युरिक एसिडलगायत हुन् । तैपनि, नेपाली समाजमा 'भात संस्कृति' विद्यमान छ । मतलब अधिकांश नेपाली जहिल्यै भातमै मरिहत्ते गरिरहेका हुन्छन् ।

गत वर्ष कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनअनुसार नेपालीहरू औसतभन्दा धेरै भात खान्छन् । अध्ययनले नेपालीहरू वार्षिक औसतभन्दा १६ किलो बढी चामल खाने गरेको देखाएको छ । संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनले भने एक व्यक्तिले प्रतिवर्ष औसत १२१ किलो चामल उपभोग गर्ने मापदण्ड बनाएको छ । तर, त्यसभन्दा बढी नेपालीले भात खाने गरेको देखिन्छ, जसले नेपालीहरूको 'भातमोह' उजागरसमेत गरेको छ ।

अन्ततः सन्तुलित आहार अर्थात् पोष्टिकतत्त्वयुक्त खानाको अभावमा पोषणजन्य समस्याबाट मानिसहरू प्रभावित छन् । पोषणजन्य समस्याहरू ठूलालाई सुगर (मधुमेह, चिनीरोग) र मोटोपना देखिने गरेको जनस्वास्थ्यविद् डा. मरासिनी बताउँछन् । उनका अनुसार किशोरी वा गर्भवती महिलाहरूमा भने रक्तअल्पताको समस्या देखिने गरेको छ । बालबालिकामाचाहिँ कुपोषणको समस्या देखिने गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# एक वर्षमा भित्रियो साढे १४ खर्ब रेमिट्यान्स

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** एक वर्षको अवधिमा १४ खर्ब ४५ अर्ब रूपैयाँभन्दा बढी विप्रेषण (रेमिट्यान्स) मुलुकमा भित्रिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार गत आर्थिक वर्ष (आव) २०८०/८१ को देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

राष्ट्र बैंकका अनुसार २०८० सालको साउनदेखि २०८१ असार मसान्तसम्म १४ खर्ब ४५ अर्ब ३२ करोड रूपैयाँ रेमिटयान्स भित्रिएको छ । गत आर्थिक वर्षको अन्तिम महिना असारमा मात्रै एक खर्ब १७ अर्ब ८१ करोड रूपैयाँ भित्रिएको तथ्यांक छ ।

राष्ट्र बैंकका अनुसार अघिल्लो आर्थिक वर्ष (२०७९/८०)को तुलनामा गत आवमा रेमिटयान्स १६.५ प्रतिशतले बढी हो । अघिल्लो आवमा १२ खर्ब २० अर्ब ५६ करोड रूपैयाँ विप्रेषण आप्रवाह भएको थियो । राष्ट्र बैंकको प्रतिवेदनअनुसार मासिकरूपमा औसत एक खर्ब २० अर्ब रूपैयाँको हाराहारीमा विप्रेषण भित्रिरहेको देखिएको छ । आघिल्लो आवमा वर्ष मासिकरूपमा औसत १०१ अर्ब बराबरको विप्रेषण भित्रिएको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलरमा हुने खुद ट्रान्सफर पनि अघिल्लो आवभन्दा १४.५ प्रतिशतले वृद्धि भई १० अर्ब ८६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १३.९ प्रतिशतले बढेको राष्ट्र बैंकले उल्लेख गरेको छ । विप्रेषण बढेकै कारण विदेशी मुद्रा सञ्चितिसमेत बढेको राष्ट्र बैंकले उल्लेख गरेको छ ।

**रेमिटयान्सको मासिक तथ्यांक**

| | |
|---|---|
| साउन | १ खर्ब १६ अर्ब २० करोड |
| भदा | १ खर्ब १२ अर्ब १७ करोड |
| असोज | १ खर्ब ३६ अर्ब ९७ करोड |
| कात्तिक | १ खर्ब १२ अर्ब ६२ करोड |
| मंसिर | १ खर्ब ३५ अर्ब २९ करोड |
| पुस | १ खर्ब १३ अर्ब २५ करोड |
| माघ | १ खर्ब ५ अर्ब ७८ करोड |
| फागुन | १ खर्ब २२ अर्ब २२ करोड |
| चैत | १ खर्ब २१ अर्ब ४० करोड |
| बैशाख | १ खर्ब १५ अर्ब ९८ करोड |
| जेठ | १ खर्ब २८ अर्ब ९१ करोड |
| असार | १ खर्ब १७ अर्ब ८१ करोड |

राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार गत आवको सुरुआती महिना साउनमा एक खर्ब १६ अर्ब दुई करोड विप्रेषण भित्रिएको थियो । दोस्रो महिना भदौमा एक खर्ब १२ अर्ब १७ करोड, तेस्रो महिना असोजमा एक खर्ब ३६ अर्ब ९७ करोड, चौथो महिना कात्तिकमा एक खर्ब १२ अर्ब ६२ करोड, पाँचौं महिना मंसिरमा एक खर्ब ३५ अर्ब २९ करोड विप्रेषण भित्रिएको छ ।

यसैगरी छैटौं महिना पुसमा एक खर्ब १३ अर्ब २५ करोड, सातौं महिना माघमा एक खर्ब पाँच अर्ब ७८ करोड, आठौं महिना फागुनमा एक खर्ब २२ अर्ब २२ करोड, नवौं महिना चैतमा एक खर्ब २१ अर्ब ४० करोड, दशौं महिना बैशाखमा एक खर्ब १५ अर्ब ९८ करोड रूपैयाँ विप्रेषण भित्रिएको तथ्यांक छ । त्यस्तै ११औं महिना जेठमा एक खर्ब २८ अर्ब ९१ करोड र १२औं अर्थात् अन्तिम महिना असारमा एक खर्ब १७ अर्ब ८१ करोड रूपैयँ विप्रेषण भित्रिएको राष्ट्र बैंकले जनाएको छ ।

उल्लिखित रकम वैदेशिक रोजगारीमा गएका र प्रवासी नेपालीहरूले बैंकिङ च्यानलमार्फत पठाएका हुन् । मुलुकमा ठूलो मात्रामा हुण्डीलगायत अन्य माध्यमबाट पनि रकम भित्रिने गरेको छ । अनाधिकृत एवं गैरकानुनी तवरले भित्रिने यस्तो रकमलाई तथ्यांकमा समेटेको छैन । राष्ट्र बैंकले हुण्डीबाट रकम पठाउनु पूर्णतया गैरकानुनी रहेको भन्दै वैधानिकरूपमा बैंकिङ च्यानल प्रयोग गर्न पनि आग्रह गरेको छ । राष्ट्र बैंकले विप्रेषण आप्रवाहको दायरालाई फराकिलो पार्न चालु आर्थिक वर्षको मौद्रिक नीतिमा विशेष व्यवस्थासमेत गरेको छ । राष्ट्र बैंकले मौद्रिक नीतिमा वैधानिक माध्यमबाट विप्रेषण पठाउनेलाई प्रोत्साहित गर्न विभिन्न सुविधा प्रदान गर्ने विषय समेटेको छ ।

गत आर्थिक वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या चार लाख ६० हजार १०३ जना रहेको तथ्यांकमा देखाइएको छ । साथै, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा दुई लाख ८१ हजार १९९जना रहेका छन् । अघिल्लो वर्षको सोही अवधिमा विदेशिने यस्तो संख्या क्रमशः चार लाख ९७ हजार ७०४ र दुई लाख ७७ हजार २७२ रहेको थियो ।

मुलुकमा रोजगारीको पर्याप्त अवसर नहुँदा दैनिक करिब दुई हजारको संख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा गइरहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । यसरी विदेशिने श्रमिकहरूले पठाउने विप्रेषणबाटै मुलुकको अर्थतन्त्र चलिरहेको विभिन्न अध्ययनले पनि देखाएको छ । पछिल्लो समय सरकारले जिटुजी सम्झौतामार्फत रोमानिया, जर्मनी र जापानमा कामदार पठाउने बाटो खुला गरे पनि अपेक्षितरूपमा नेपालीहरू जान नपाएका कारण विप्रेषणमा थप बढोत्तरी हुन नसकेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । यद्यपि मलेसिया तथा खाडी मुलुक गएका नेपाली श्रमिकले पठाएको विप्रेषणबाटै विदेशी मुद्रा सञ्चितिमा योगदान पुगेको उनीहरूको भनाइ छ ।




विज्ञको सुझाव

# आधुनिक र आध्यात्मिक शिक्षालाई समानरूपले अघि बढाऊ

**काठमाडौं (प्रस)–** नेपालमा गुम्बाद्वारा प्रदान गरिँदै आएको बौद्ध शिक्षालाई मूलप्रवाहीकरणका लागि विषय विज्ञ र सरोकार भएकाहरूले सरकारलाई सुझाव दिएका छन् । नेपाल समाज मिडिया प्रालिद्वारा आइतबार यहाँ आयोजित 'नेपालमा हिमाली बौद्ध शिक्षाः सम्भावना र चुनौती' विषयक कार्यक्रमका वक्ताहरूले आधुनिक र आध्यात्मिक शिक्षालाई समानरूपले अघि बढाउन माग गरेका हुन् ।

गुम्बाबाट प्रदान गरिने बौद्ध शिक्षाको विकासका लागि अपनत्व लिन सरकारलाई सुझाव दिँदै वक्ताहरूले आधुनिक र पश्चिमा शिक्षाका कारण बौद्ध शिक्षा ओझेलमा परेको धारणा राखे । नेपाल बौद्ध महासंघका संस्थापक अध्यक्ष खेम्पो ग्युर्मे छुल्ठिमले आधुनिक शिक्षा प्रवर्द्धन गर्ने नाममा भइरहेको पश्चिमा शिक्षा प्रणालीको विस्तारले हाम्रो मौलिकता सकिने होकि भन्ने चिन्ता बढेको बताए । आधुनिक शिक्षालाई मात्र जोड दिँदा मौलिक संस्कृति र परम्परा जोगाउन मुस्किल हुने भन्दै उनले गुम्बा शिक्षा प्रवर्द्धन गर्न सरकारले अपनत्व ग्रहण गर्नुपर्ने धारणा राखे ।

लुम्बिनी कलेज अफ बुद्धिजम् एण्ड हिमालयन स्टडिजका कार्यकारी अध्यक्ष डा. रमेश ढुंगेलले हिमाली बुद्ध धर्म, सभ्यता र संस्कृतिसँग जोडिएको शिक्षा प्रवर्द्धन गर्न आवश्यक रहेको बताए । नेपाल समाज मिडियाका सल्लाहकार पुण्यप्रसाद पराजुलीले हिमाली क्षेत्रको भाषा, सस्कृति, रहनसहन, पर्यटन, चैत्य, गुम्बा अमूल्य निधि भएकाले त्यहाँ प्रदान गरिने शिक्षालाई मूलप्रवाहमा जोड्नुपर्ने सुझाव दिए । उनले मुस्ताङलगायत भोट भाषी क्षेत्रको संस्कार, सस्कृति संरक्षण र सम्वर्द्धनमा राज्यले ध्यान पुर्‍याउन आवश्यक रहेकाले राजनीतिज्ञ, नीति निर्माता र विश्वविद्यालयलाई बौद्ध शिक्षाका बारेमा थाहा नहुनु विडम्बना भएको बताए ।

नेपाल बौद्ध महासंघका निवर्तमान अध्यक्ष आचार्य नोर्वु शेर्पाले गुरु पद्मसम्भवले प्राचीन समयमा नेपालमा बौद्ध शिक्षा प्रारम्भ र विकासमा योगदान पुर्‍याएको प्रसंग उल्लेख गर्दै बौद्ध शिक्षालाई कसरी मूलधारमा ल्याउने भन्ने अहिलेको चुनौती रहेको बताए । 'हिमाली क्षेत्रमा अध्ययन अध्यापन भइरहेको बौद्ध शिक्षालाई सरकारले मान्यता नदिँदा गुम्बा शिक्षा अनाथलय हो वा वृद्धाश्रम भन्ने जस्तो देखियो । त्यो पढेपछि जागिर के पाइन्छ त भनेर प्रश्न गर्छन्,' उनले भने ।

बुद्धवचन अनुवाद समितिका अध्यक्ष टीका शेर्पाले अन्य धर्मको इतिहास ७०० वर्षभन्दा पुरानो नभए पनि बुद्ध धर्म भने धेरै पुरानो रहेको धारणा राखे । बुद्ध प्रकाश फाउण्डेसनका अध्यक्ष खेन्पो पेमा ओसेलले बुद्ध धर्ममा ध्यान महत्त्वपूर्ण रहेकाले यसलाई दैनिक जीवनमा उपयोग गर्नुपर्ने सुझाव दिए । लुम्बिनी बौद्ध विश्वविद्यालयका निवर्तमान उपकुलपति डा. हृदयरत्न बज्राचार्यले २१औं शताब्दीमा बाँच्ने र विषयवस्तु ठीक ढंगले बुझ्ने चुरो कुरो बुद्धिजममा मात्र भएको जिकिर गरे ।

लुम्बिनी कलेज अफ बुद्धिजम् एण्ड हिमालयन स्टडिजका संयोजक मोहनकुमार तामाङले काठमाडौंको फर्पिङ बोधगयाजस्तै ठाउँ भए पनि प्रचारप्रसारको कमीले ओझेलमा परेको धारणा राखे । नेपाल बौद्ध महासंघका उपाध्यक्ष गेसे थुप्तेन जिन्पाले भोटभाषामा कक्षा एकदेखि विद्यावारिधिसम्मको पाठ्यक्रम तयार भए पनि राज्यले अपनत्त्व ग्रहण नगरेको भनी दुःखेसो पोखे । काठमाडौं महानगरपालिका-६ का वडाध्यक्ष भुवन लामाले हिमाली क्षेत्रमा बौद्ध शिक्षा सभ्यता भएकाले संस्कृत र बौद्ध शिक्षालाई सँगसँगै लैजानुपर्ने धारणा राखे । उनले बौद्ध शिक्षा अनुशासित र निर्माणमुखी भएकाले आधुनिक शिक्षाजस्तो जागिरमुखी नभएको विचार व्यक्त गरे ।

## जनैपूर्णिमामा भद्राको दोष नलाग्ने

**काठमाडौं (प्रस)–** जनैपूर्णिमामा भद्रा भएकाले रक्षाबन्धन गर्न दोष लाग्छ कि लाग्दैन भन्ने बहस चलिरहेका बेला भद्राको दोष नलाग्ने ज्योतिष शास्त्रका विद्वानहरूले तर्क पेस गरेका छन् ।

नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको वाल्मीकि विद्यापीठमा आइतबार बसेको ज्योतिषाचार्य एवं संहिता शास्त्रको बैठकले भद्राको दोष जनैपूर्णिमा, रक्षाबन्धनका निमित्त सर्वसाधारणलाई नलाग्ने निष्कर्ष निकालेको हो । यो दोष राजाहरूलाई मात्रै लाग्ने संहिताशास्त्री अर्जुनप्रसाद बाँस्तोलाले जानकारी दिए ।

'कन्या, धनु, तुला र मकर राशिमा चन्द्रमा हुँदा, भद्रा पाताल लोकमा हुने हुँदा भद्राको दोष पातालवासीलाई मात्रै लाग्छ पृथ्वीवासीलाई लाग्दैन, राजा महाराजालाई समेत दोष नलाग्ने कुराको शास्त्रीय प्रमाण छ,' उनले भने ।

**श्री जाल्मे सामुदायिक वन उपभोक्ता समूह**
**रौतामाई गाउँपालिका ७ उदयपुरको समूह बाहिर काठ बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/०३**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०८०/०८१ मा संकलन गरी घाटगद्दि गरेका लट नम्बर १ को साल थान १९ को २१७.२५ क्यूफिट असना थान २९ को ४११.७० क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समूह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

पृष्ठ १ बाट क्रमशः

## 'भातमोह'ले भित्र्याउँदै...

कसैकसैमा युरिक एसिड देखिने गरेको छ । यसले गर्दा पनि भातमात्रै नभएर पौष्टिकतत्त्वयुक्त खानपानमा ध्यानदिनुपर्ने मरासिनीले बताए । स्वास्थ्यको हिसाबले भातमात्रै चाहिँ 'ब्याक्टेरियाजस्तो' हुने उनको भनाइ छ । उनी भन्छन्, 'यस्तो खानपानमा नसुधारिए एकातिर नसर्ने रोगको सिकार हुने र अर्कातिर चाँडै बुढ्यौलीपन देखिने हुन्छ । जसकारण भातमात्रै नसोचेर अरू पौष्टिकयुक्त खानपान मिलाएर सन्तुलित भोजन खानेतर्फ पनि सोच्नुपर्छ ।'

शरीरलाई स्वस्थ राख्न र स्फूर्ति राख्न सन्तुलित भोजन खानुपर्छ । त्यस्तो भोजनले शरीरमा रोगप्रतिरोधात्मक क्षमता बढाउनुका साथै विभिन्न रोगबाट शरीरलाई सुरक्षा प्रदान गर्ने र शरीरको वृद्धिविकासमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ । त्यही भएर डा. मरासिनी पोषण मिलाएर खान सुझाउँछन् ।

उनले पोषकतत्त्वका लागि उठ्नेबित्तिकै एक गिलास मनतातो पानी पिउनु उत्तम हुने सुझाव दिए । त्यसपछि खाजाको रूपमा फलफूल, ओट्स, चिउरा र दूध खाँदा हुन्छ । घरमै बनाएको रोटी र चिया खान सकिन्छ । ओखर, काजु, पिस्ता, बदाम, किसमिसजस्ता सुख्खा खाद्यपदार्थ खाँदा पनि हुन्छ ।

बिहानको खाना दाल-भात-तरकारी खाँदा पनि हुने तर तरकारीका रूपमा हरियो सागपात खानुपर्ने पनि डा. मरासिनीको सुझाव छ । यसबाहेक गाँजर, काँक्रा, मुला, प्याज मिलाएर सलाद अनिवार्य खानु पनि पोषणको दृष्टिले ठीक हो । पानी पनि प्रशस्त पिउनुपर्छ । दिउँसो भने कार्बोहाइड्रेट कम र प्रोटिन धेरै भएको खानेकुराहरू भुटेको चना, भटमासजस्ता खानेकुरा खानु उपयुक्त हुन्छ । बेलुकीचाहिँ रोटी खानु उपयुक्त हुन्छ । तर, तरकारी तथा सागसब्जी अनिवार्य समावेश गर्नुपर्ने डा. मरासिनीले बताए । यसरी दिनमा पोषणयुक्त खानपान गरिए पोषणजन्य स्वास्थ्य जटिलताहरू ननिम्तिने पनि डा. मरासिनीको दाबी छ ।

२०७३ सालमा स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा विभाग र बालस्वास्थ्य महाशाखासँगै कृषि मन्त्रालयअन्तर्गत रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले नेपालीका लागि असल खानपानसम्बन्धी मार्गदर्शन जारी गरेको छ । त्यहाँ पनि हरेक दिन थरिथरिका खानपान गर्न, फलफूल र हरिया सागपात अनिवार्य खान, माछा मासु, अण्डा, दूध दहीमध्ये केही न केही खान सुझाइएको छ । तर, यसविपरीत भातमै जोडबल गर्नेहरू अधिक छन् ।

## माओवादी केन्द्रमा...

'पार्टीभित्रको विवाद करिब-करिब म्यानेज त भयो तर नेताहरूबाट अलिअलि प्रकट भइरहेका छन्,' उनले भने, 'पदाधिकारी र स्थायी समिति बैठकको अन्तिम अन्तिममा आउँदा प्रभाकरजीले नै मैले यो पार्टी बलियो होस् भनेर गरेको हो । मेरो उद्देश्य अध्यक्ष नै बलियो बनाउने हो भनिसकेपछि अब हामीले त्यसलाई अरू ढंगले बुझ्नु हुँदैन ।'

माओवादीले प्रतिपक्षीय भूमिकामा पुगेदेखि नै पार्टी एकता प्रक्रियालाई जोडतोडले उठाउँदै आएको छ । यद्यपि, एकता हुने छाँट छैन । माओवादीले उपेन्द्र यादव अध्यक्ष रहेको जनता समाजवादी पार्टीसँग पनि एकता प्रक्रियाका लागि आह्वान गरेको थियो । तर, एकता सहज देखिएको छैन ।

**ए.पि.एस. ट्रेडिङ्ग प्राइभेट लिमिटेडलाई**
**खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७५/०२/०३ मा दर्ता भएको प्रा.लि.नं. १८९५०८/०७४/०७५ रहेको **ए.पि.एस. ट्रेडिङ्ग प्राइभेट लिमिटेड**, का.जि.का.म.न.पा. वडा नं. २८ को मिति २०८१/४/३१ को एकल शेयरधनीको विशेष लिखित निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरू गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरू लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**नाम :- खेमराज न्यौपाने**
**ठेगाना :- पुतलीसडक, काठमाडौं**
**मोवाइल :- ९८५१०९२७६९**

**महिला तथा शान्ति समाजको**
**स्वेच्छिक खारेजी (लिक्विडेशनको) सूचना**

प्रकाशित मिति: २०८१/०५/०३

संस्था दर्ता ऐन, २०३४ को दफा ४ बमोजिम जि. प्र. का. काठमाडौंमा मिति २०६४/०२/०९ मा दर्ता नं. १२१६ को महिला तथा शान्ति समाजको मिति २०८१/०४/३२ गतेको विशेष साधारणसभाले गरेको निर्णय अनुसार यस महिला तथा शान्ति समाजलाई (लिक्विडेशन) मा लैजानु पर्ने भएकाले यस संस्थाले कोही कसैलाई तिर्नु, बुझाउनु पर्ने अर्थात व्यहोर्नु पर्ने ऋण, धन, दायित्व एवं कोही कसैको बाँकी बक्यौता, आदी भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र तल उल्लेखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(लिक्विडेटर):- मानबहादुर लामिछाने**
**व्यवसाय इजाजत पत्र नं.००१**
**काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९, घट्टेकुलो**
**मोबाईल नं.९८४१०७४५७७**

**Letang Municipality**
**Office of Municipal Executive**
**Letang, Morang**
**Koshi Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

**Date of Publication: 19 August 2024**

1. The Letang Municipality, Morang invites sealed quotations from eligible bidders for the Procurement, Supply and Delivery of Veterinary Medicines.
2. Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website.
3. Sealed bids must be submitted through e-GP system i.e. www.bopatra.gov.np/egp on or before 03-09-2024 12:00. Bids received after this deadline will be rejected.

| SQ No. | Particulars | Estimated Cost without VAT (NRs.) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs) | Bid/Bid security Validity Period (Days) |
|---|---|---|---|---|---|
| LM/MOR/SQ/VET/2080-81/01 | Procurement, Supply and Delivery of Veterinary Medicines | 11,49,987.65 | 30,000 | 1,000 | 45/75 |

**Chief Administrative Officer**

**सच्याईएको सम्बन्धमा**

मिति २०८१/०५/०२ मा "प्रभाव" राष्ट्रिय दैनिक पत्रिकामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित **धितो सम्पति लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने सुचना** मुताविक **ऋणी एस.एम.एस. सप्लायर्सको व्यक्तिगत जमानीकर्ताहरू उमा देवी तिवारी, गोविन्द तिवारी, रमेश तिवारी, हेमलता बन्जाडे र डिला देवी तिवारी** हुनुपर्नेमा अन्यथा हुन गएको हुँदा उक्त सुचनामा डिला देवी तिवारीको विवरण ((ना.प्र.नं. १४९७, मिति २०४४/१०/२६ जि.प्र.का. स्याङ्जाबाट जारी भएको), पति: भविश्वर तिवारी, ससुरा: चण्डी प्रसाद तिवारी)लाई व्यक्तिगत जमानीकर्ताको विवरणमा थप गरी अन्य विवरण यथावत रहने गरी सच्याइएको व्यहोरा जानकारी गराईन्छ ।

NIMB

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : DROOB AL SHARQ LAND TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति : २०८१/04/३२ LT. No. 309137 चलानी नं. ६०२२३७५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६४,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAGARMATHA
**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, ०३ भदौ, २०८१**

**मेष** अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो ।

**वृष** अवसरका साथ चुनौती पनि देखा पर्नेछन् ।

**मिथुन** मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् ।

**कर्कट** पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ ।

**सिंह** मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

**कन्या** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।

**तुला** मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ ।

**वृश्चिक** फाइदा हेर्दा नाम बिग्रन सक्छ ।

**धनु** प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।

**मकर** विभिन्न उपहार प्राप्त हुने समय छ ।

**कुम्भ** भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

**मीन** स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ भदौ, २०८१ (१९ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०१ | १३४.६१ |
| युरो | १ को | १४७.२८ | १४७.९४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.९२ | १७३.६९ |
| स्विस फ्रेन्क | १ को | १५४.४८ | १५५.१७ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८४ | ८९.२४ |
| क्यानाडियन डलर | १ को | ९७.५९ | ९८.०२ |
| सिँगापुर डलर | १ को | १०१.६१ | १०२.०७ |
| जापानी येन | १० को | ९.०५ | ९.०९ |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३५.७१ | ३५.८७ |
| कतारी रियाल | १ को | ३६.७५ | ३६.९१ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४८ | ३६.६५ |
| मलेसियन रिङेट | १ को | ३०.२४ | ३०.३८ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९२ |
| स्विडिस क्रोनर | १ को | १२.७५ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.७४ | १९.८३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.१४ | ४४०.१० |
| बहराइन दिनार | १ को | ३५५.५३ | ३५७.१३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ललितपुरको छम्पीमा भैरवको ख्वापा:सहितको आर्ट भिलेज

**काठमाडौं–** ललितपुर गोदावरीको छम्पीमा भैरवको ख्वापाः (मुखाकृति)सहितको 'नेपाल आर्ट भिलेज' निर्माण हुने भएको छ । पञ्चधातु प्रयोग गरी निर्माण गरिने भैरवको ख्वापाः ७२ फिट अग्लो, ५८ फिट चौडाइ र ६५ टन तौलको हुने र उक्त ख्वापाः विश्वकै ठूलो हुने परियोजनाका संस्थापक सदस्य एवं प्रवक्ता रूपकमान महर्जनको दाबी छ ।

ख्वापाःलाई पाँच तलाको आरसिसी भवनमा फ्रेम बनाएर एसेम्बल गरिने छ । भवनको अगाडिपट्टि ख्वापाः र भवनमा कला संग्रहालय स्थापना हुने छ । कूल २३८ रोपनी क्षेत्रफलमा फैलिने परियोजनाको पहिलो चरणमा ५२ रोपनी क्षेत्रमा भैरवको ख्वापाः तथा अन्य सम्पदा र १८६ रोपनी क्षेत्रफलमा कलाग्राम रहने छ ।

'भैरवको ख्वापाःको अवलोकनसँगै भैरवसँग सम्बन्धित जानकारी अध्ययन गर्न पाइने छ,' प्रवक्ता महर्जनले भने, 'भवनपरिसरमा भगवान गणेशका १६ प्रकारका मूर्ति तथा ६४ वटा विभिन्न भैरवका मूर्तिसमेत राखिने छन् ।' मुखाकृतिको ४२ फिटको उचाइमा भएको भैरवको आँखा (भैरवदृष्टि) बाट काठमाडौं उपत्यका तथा मनोरम हिमशृंखलाको अवलोकन गर्न सकिने जनाइएको छ ।

ख्वापाः परिसरमा विभिन्न समुदायको रैथाने परिकार उपलब्ध हुने भोजनस्थल तथा सभाकक्ष निर्माण गरिने छ । परम्परागत जीवनशैली झल्काउने देवीदेवताका मठमन्दिर, ढुंगेधारा, पोखरी र बगैंचाजस्ता भौतिक कलायुक्त सम्पदा, प्रदर्शनी कक्ष, सभागृह, रंगमञ्च, हेलिप्याड, पुरातन बस्ती, वृद्धाश्रम, विवाहमण्डप, योग केन्द्र, भ्वय् छें (ब्यांक्वेट), टेन्ट क्याम्प, साहसिक एवं मनोरञ्जनात्मक खेलकुद, स्वीमिङ पुललगायतकोसमेत सुविधा हुने बताइएको छ ।



परियोजनालाई कला नगरीका रूपमा विकास र प्रवर्द्धन गर्ने उद्देश्य लिइएको छ । महर्जनका अनुसार त्यहाँ निर्माण हुने हरेक पूर्वाधारमा कला देख्न पाइने छ । वरिष्ठ कलाकार स्व. राजकुमार शाक्यको नेतृत्वमा ख्वापाः निर्माण सुरु भएको थियो । हाल शाक्यका दुई छोरा स्वरूप र सौरभ शाक्य नेतृत्वको कलाकार टोलीले उक्त जिम्मेवारी लिएको छ ।

प्रसिद्ध मूर्तिकार राजेश अवालेको परिकल्पनामा वि.सं. २०७४ मा जग्गा एकीकरण/संकलन गरी सुरु भएको परियोजनाको २०७७ सालमा विधिवत्‌रूपमा शिलान्यास गरिएको थियो । तर, संस्थापक अध्यक्ष तथा प्रसिद्ध कलाकार राजकुमार शाक्यको निधनका कारण निर्माण प्रक्रिया केही समय सुस्ताएको थियो । हाल भैरव ख्वापाः निर्माण कार्य तीव्र गतिमा भइरहेको नेपाल आर्ट भिलेज प्रालिका अध्यक्ष राजेन्द्र शाक्यले जानकारी दिए ।

विभिन्न क्षेत्रका ऊर्जावान कलाप्रेमी, व्यापारी, सामाजिक उद्यमी एवं समाजका अग्रज एवं प्रबुद्ध व्यक्तित्वसमेतको संलग्नतामा परियोजना सुरु गरिएको शाक्यको भनाइ छ । कम्पनीका सञ्चालकमा अध्यक्ष राजेन्द्र शाक्यसहित राजेश अवाले, रूपक मान महर्जन, जीवनरत्न शाक्य, मदनमान महर्जन, उर्मिला शाक्य र सानुछोरी शाक्य छन् ।

परियोजना नेपाली कलासंस्कृतिकको जगेर्ना, परम्परागत सीप, कौशलको उजागर, प्रचारप्रसार तथा पर्यटन प्रवर्द्धनका लागि आवश्यक योजना तथा कार्यक्रम तय गरी अनुसन्धान र विकास गर्ने उद्देश्यले सुरु गरिएको परियोजनाका संस्थापक सदस्य एवं प्रवक्ता रूपकमान महर्जनले बताए ।

कलाग्राम ललितपुरको एकान्तकुनाबाट भैंसेपाटी-बुंगमति हुँदै १०.५ किलोमिटर, एकान्तकुनाबाट चुनिखेल हुँदै १३ किलोमिटर र सातदोबाटोबाट चापागाउँ हुँदै १५ किलोमिटरको दूरीमा छ । हाल त्यहाँ पुग्ने सडकमार्ग स्तरोन्नतिका लागि सम्बन्धित निकायमा पहल भइरहेको र काम अघि बढाइएको जनाइएको छ। ललितपुरबाट हेटौंडा जोड्ने कान्ति लोकपथको टीकाभैरवबाट तीन किलोमिटरको दूरीमा पुग्न सकिन्छ । हाल यस क्षेत्रमा सडक र खानेपानीका लागि केन्द्र र प्रदेश दुवै सरकारबाटसमेत बजेट विनियोजन भइसकेको जनाइएको छ । *रासस*

# मानव बेचबिखन तथा ओसारपसार ऐन संशोधन गर्न माग

**काठमाडौं (प्रस)–** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, अन्तर्राष्ट्रिय महासन्धि 'पालेर्मो प्रोटोकल'अनुसार संशोधन गर्नुपर्ने सरोकारवालाको माग रहेको छ । संयुक्त राष्ट्रसंघले अन्तरदेशीय संगठित अपराधलाई संयुक्तरूपमा सम्बोधन गर्न अन्तरदेशीय संगठित अपराधविरुद्ध महासन्धि जारी गरेको थियो। तीनवटा 'प्रोटोकल' समेटिएको 'पालेर्मो प्रोटोकल'लाई नेपालले १६ जुन २०२० मा अनुमोदन गरेको थियो ।

प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिको आइतबारको बैठकमा महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) ले उक्त ऐन संशोधनका बुँदा प्रस्तुत गरेको थियो ।

मानव बेचबिखनविरुद्ध काम गर्ने ४४ वटा संस्थाको संगठित समूह (एटविन) का कार्यकारी निर्देशक बिनुमाया गुरुङले ऐनको परिभाषा नै संकुचित रहेको बताए । उनका अनुसार ऐनमा महिलाको शारीरिक बेचबिखनमात्रै मानव बेचबिखनमा साँघुरो पारिएको छ । यसलाई 'पालेर्मो प्रोटोकल'मा उल्लेख गरेजस्तै, श्रम शोषणबारे पनि सम्बोधन गरिनुपर्ने उनको भनाइ छ । पीडितको गोपनीयता, बाल अधिकार, बाल शोषणजस्ता विषयमा ऐन संशोधनको आवश्यकता रहेको उनले उल्लेख गरे ।

बैठकमा गृह मन्त्रालयका निमित्तसचिव चक्रप्रसाद अधिकारीले समयसापेक्ष मानव बेचबिखनका तरिका फेरिँदै गएको र यसको न्यूनीकरणमा सरोकारवाला, राज्य र प्रहरी संयन्त्रसहित सबैको दायित्व हुने बताए ।

समितिका सदस्यहरूले मानव बेचबिखन नियन्त्रणका उपायबारे सुझाव दिएका थिए । अधिकांश सांसदले सीमा क्षेत्रमा कडाइ गर्न सके धेरै हदसम्म बेचबिखन न्यूनीकरण गर्न सकिने धारणा राखेका थिए । सांसद जावेदा खातुनले मानव बेचबिखनको सबैभन्दा जोखिम भारत खुल्ला सिमाना क्षेत्र भएको बताउँदै नियन्त्रणका लागि सिसी टिभीको निगरानी र परिचयपत्र अनिवार्यरूपमा हेर्नुपर्ने सुझाव दिए । सांसद रोशन कार्कीले सीमामै कडाइ गर्न गृह मन्त्रालयले जोड दिनुपर्ने बताए । सांसद ईश्वरबहादुर रिजालले नियन्त्रण संयन्त्र बलियो बनाउनुका साथै जनचेतना र रोजगार सिर्जना गर्नेतर्फ राज्य तत्पर हुनुपर्ने बताए ।


## Invitation for Bids
## Sundarharaincha Municipality
### Office of Municipal Executive
### Biratchowk, Morang, Koshi Province, Nepal

**INVITATION FOR ELECTRONIC BIDS**

**Procurement of Works**

***Second Date of publication: 2081/05/03***

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement as stated in table below under SQ bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Sundarharaincha Municipality, Biratchowk, Morang, Koshi Province, Nepal or may visit e-GP system: *www.bolpatra.gov.np/egp.*
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document Fee in the following bank.
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality, Ga3.1 Local Level Depo
   Office Account No.: 0601501147630146
4. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at the office of Sundarharaincha Municipality, Biratchowk, Morang. Bids must be valid for a period of 45 Days For SQ. counting from the day of bid opening amounting to a minimum of as stated in table below, which shall be valid for minimum 30 days beyond the bid validity period.
   For Cash Deposit Bank details:
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality, Ga3.1 Local Level Depo
   Office Account No.: 0601501147630030
5. If the Bid opening day falls on a government holiday, then the bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: *www.bolpatra.gov.np/egp* or office website: *www.sundarharaichamun.gov.np* or office notice board.
7. The Purchaser reserves right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry contact: 9852066111, 9852032607.

| S.N. | IFB No./ Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SHM/MOR/ SQ/W-55/ 2080/081 | Ward 6 Administrative Office Building, and Ward 5 and 6 Health Post Building Maintenance Works | **1241267.62** | 1000 | 35000 | 2081/05/18 12:00PM | 2081/05/18 01:00PM | Re-Bid |

**- Chief Administrative Officer**



**National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

### लेखा परिक्षण नभएको वित्तीय विवरण (अपरिष्कृत)
### चौंथो त्रैमास आ.व. २०८०/८१ (मिति ३१ आषाढ २०८१)
### वासलात

(रकम रु. मा)

| विवरण | यस त्रैमासमा | गत वर्षको यस त्रैमासमा |
|---|---|---|
| **सम्पत्ति** | | |
| नगद तथा नगद समान | १९,०४४,३०६,५५७ | १५,८६२,५४१,६२८ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३२५,३९७,७४९ | ३२१,५१३,८०३ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | १३,३७३,९४५,७०० | ६,५७९,४४५,७०० |
| व्युत्पन्न वित्तीय उपकरण | - | - |
| अन्य व्यापारिक सम्पत्तिहरु | - | - |
| सहकारी संस्थालाई कर्जा तथा सापट | २२,०९५,७१६,१९६ | ३१,६४७,९१४,७३१ |
| ग्राहकलाई कर्जा सापटी | - | - |
| सुरक्षणपत्रमा लगानी | ६,२९७,३३५,००८ | ७,३८६,५०५,४१० |
| चालु आ.ब. को कर सम्पत्ति | ३७८,४४३,४५२ | ३२९,९७३,०८६ |
| सम्पत्तिमा लगानी | १,११६,८४७,४७८ | १३८,१८४,२८१ |
| सम्पत्ति तथा उपकरण | ५७९,३१०,९८४ | ६२६,४०८,२८२ |
| ख्याति तथा अमुर्त सम्पत्ति | - | ७२८,३७२ |
| स्थगन कर सम्पत्ति | ६०२,९४७,०६७ | - |
| अन्य सम्पत्तिहरु | ७१५,७७९,५९७ | ५९१,६२८,५२८ |
| **जम्मा सम्पत्तिहरु** | **६४,५३०,०२९,७८६** | **६३,४८४,८४३,८२२** |
| बैंक तथा वित्तिय संस्थालाई तिर्न बाँकी | - | - |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | - | - |
| व्युत्पन्न वित्तीय उपकरण | - | - |
| ग्राहकबाट निक्षेप | ६१,०७७,९०६,६८६ | ५८,२४५,९५९,७११ |
| तिर्न बाँकी सापटी | - | - |
| यस आ.ब. को कर दायित्व | - | - |
| व्यवस्थाहरु | - | - |
| स्थगन कर दायित्व | - | २७६,०६३ |
| अन्य दायित्वहरु | ४३६,६६८,१६८ | ४०१,८०७,९५२ |
| जारी गरिएको ऋण पत्र | - | - |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - | - |
| **जम्मा दायित्वहरु** | **६१,५१४,५७४,८५५** | **५८,६४८,०४३,७२६** |
| **इक्विटी** | | |
| सेयर पूँजी | २,७८९,२६०,४०० | २,८०८,०३९,७०० |
| सेयर प्रिमियम | - | - |
| संचित मुनाफा | (२,८३५,३०८,७२२) | (८१,८७५,८८६) |
| जगेडा कोष | ३,०६१,५०३,२५४ | २,११०,६३६,२८२ |
| **शेयर धनीहरुलाई बाँडफाँड योग्य पूँजी** | **३,०१५,४५४,९३२** | **४,८३६,८००,०९६** |
| **गैर नियन्त्रण स्वार्थ** | | |
| **कुल पूँजी** | **३,०१५,४५४,९३२** | **४,८३६,८००,०९६** |
| **कुल दायित्व तथा पूँजी** | **६४,५३०,०२९,७८६** | **६३,४८४,८४३,८२२** |
| सम्भावित दायित्व र प्रतिबद्धता | | |
| प्रति सेयर खुद सम्पत्ति मुल्य | १०८.११ | १७२.२५ |

### लेखा परिक्षण नभएको नाफा वा नोक्सान विवरण (अपरिष्कृत)
### चौथो त्रैमास आ.व. २०८०/८१ (मिति ३१ आषाढ २०८१)

(रकम रु. मा)

| विवरण | यस त्रैमासको | गत वर्षको यस त्रैमासमा |
|---|---|---|
| व्याज आम्दानी | ४,८७७,०४९,१०० | ५,४०७,०२२,१२८ |
| व्याज खर्च | (३,८०९,५९१,३६७) | (३,७९३,३३४,३७७) |
| **खुद व्याज आम्दानी** | **१,०६७,४५७,७३३** | **१,६१३,६८७,७५१** |
| शुल्क तथा कमिशन आम्दानी | ४०,७४३,२९१ | ७५,०३५,७५८ |
| शुल्क तथा कमिशन खर्च | - | - |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **४०,७४३,२९१** | **७५,०३५,७५८** |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | **१,१०८,२०१,०२४** | **१,६८८,७२३,५०८** |
| खुद व्यापारिक आम्दानी | - | - |
| अन्य संचालन आम्दानी | (५,७४०,०२५) | - |
| **कुल संचालन आम्दानी** | **१,१०२,४६०,९९९** | **१,६८८,७२३,५०८** |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | ३,२४१,०४६,७७३ | १,६९२,२३५,४४५ |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था | (५,८८७,९०३,५०१) | (२,४१२,५६५,५१२) |
| **खुद संचालन आम्दानी** | **(१,५४४,३९५,७३०)** | **९६८,३९३,४४१** |
| **संचालन खर्च** | | |
| कर्मचारी खर्च | ४०४,९२७,३६० | ४६६,७८६,४६० |
| अन्य संचालन खर्च | १७८,०५०,७२३ | १८८,३०१,४२३ |
| ह्रासकट्टि र परिशोधन | ७६,६२६,७२० | ७८,३५७,३८३ |
| **संचालन नाफा** | **(२,२०४,०००,५३२)** | **२३४,९४८,१७५** |
| गैर संचालन आम्दानी | १,४१३,८७२ | २,९३१,८६५ |
| गैर संचालन खर्च | - | - |
| **आयकर अघिको नाफा** | **(२,२०२,५८६,६६०)** | **२३७,८८०,०४१** |
| **आयकर खर्च** | **(४४८,३५८,९४५)** | **३३,५०५,१३४** |
| चालु आयकर | १५४,८६४,१८४ | ४४,४१६,०४८ |
| स्थगन कर (आम्दानी)/खर्च | (६०३,२२३,१२९) | (१०,९२९,८४३) |
| **यस वर्षको नाफा** | **(१,७५४,२२७,७१५)** | **२०४,३७४,९०७** |
| खुद नाफा/(नोक्सान)मा हिस्सा: | | |
| बैंकको शेयरधनी | (१,७५४,२२७,७१५) | २०४,३७४,९०७ |
| गैर नियन्त्रित स्वार्थ | - | - |
| **यस वर्षको मुनाफा** | **(१,७५४,२२७,७१५)** | **२०४,३७४,९०७** |
| **प्रति सेयर आम्दानी** | | |
| प्रति सेयर आधारभूत आम्दानी | (६२.८९) | ७.२८ |
| बार्षिक प्रति सेयर आधारभूत आम्दानी | (६२.८९) | ७.२८ |
| प्रति सेयर डाइलुटेड आम्दानी | (६२.८९) | ७.२८ |
| **अनुपातहरु** | | |
| जोखिम भारित सम्पत्तिमा पुंजीको पर्याप्तता (प्रतीशत) | ५.०० | ११.९६ |
| निष्क्रिय कर्जा/कुल कर्जा (प्रतिशत) | २१.९१ | ७.९५ |
| कुल कर्जा नोक्सानी व्यवस्था/कुल निष्कृय कर्जा (प्रतिशत) | ७४.७७ | ६४.३७ |
| पुजिको औसत लागत (प्रतिशत) | ४.३५ | ७.८४ |
| कर्जा /निक्षेप अनुपात (प्रतिशत) | ४३.०२ | ५६.४६ |
| पुजिको औसत आम्दानी (प्रतिशत) | ११.१५ | १३.४४ |

### वितरण योग्य नाफा वा नोक्सान सम्बन्धी विवरण
### चौथो त्रैमास आ.व. २०८०/८१ (मिति ३१ आषाढ २०८१)
### (नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार)

(रकम रु. मा)

| विवरण | यस त्रैमासमा | गत वर्षको यस त्रैमासमा |
|---|---|---|
| **नाफा/नोक्सान सम्बन्धी विवरणका आधारमा खुद नाफा/नोक्सान** | (१,७५४,२२७,७१५) | २०४,३७४,९०७ |
| **गत वर्षको नाफा** | (८१,८७५,८८६) | १९१,४७२,६१९ |
| **विनियोजन :** | | |
| क) साधारण जगेडा | - | ५१,०९३,७२७ |
| ख) सटही घटबढ कोष | - | - |
| ग) पुँजी चुक्ता कोष | - | - |
| घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष | - | २,०४३,७४९ |
| ङ) कर्मचारी तालिम कोष | - | - |
| च)फेयर भ्याल्यू जगेडा कोष | - | - |
| छ) लगनी समायोजन कोष समायोजन | - | - |
| झ) प्रस्तावित लाभांश | - | - |
| ञ) अन्य | - | ६७,६३५,३२१ |
| **नियामनकारी समायोजन अघिको नाफा/नोक्सान** | (१,८३६,१०३,६०१) | २७५,०७४,७२९ |
| **नियामनकारी समायोजन :** | | |
| क) असुल हुन बाँकी व्याज(-)/अघिल्लो वर्षको असुल हुन बाँकी व्याजका असुली | (२९४,५६७,६१९) | (२८९,७०८,८९७) |
| ख) खातामा भएको साना कर्जा जोखिम व्यवस्थामा कमी (-) बृद्धि (+) | - | - |
| ग) लगानीको सम्भावित जोखिम वापत व्यवस्थामा कमी (-) बृद्धि (+) | - | - |
| घ) गैर बैंकिङ्ग सम्पतिमा कर्जा जोखिम व्यवस्थामा कमी (-) बृद्धि (+) | (७०४,६३७,५०२) | (३४,४१७,७७२) |
| ङ) स्थगित कर सम्पत्तिको लेखाङ्कन (-) फिर्ता (+) | - | - |
| च) ख्याति पहिचान (-)/ख्यातिको हानी (+) | - | - |
| छ) Bargain Purchase Gain (-) फिर्ता (+) | - | - |
| झ) बीमाङ्कीक नोक्सान पहिचान (-) फिर्ता (+) | - | (३२,८२३,९४७) |
| झ) अन्य (+/-) | - | - |
| Income Attributable from Associates सँग सम्बन्धित | | |
| **वितरण योग्य नाफा/नोक्सान** | (२,८३५,३०८,७२२) | (८१,८७५,८८६) |

**अन्तरिम वित्तिय विवरणका नोटहरुः**

१. उपरोक्त तथ्याङ्कहरु नियमकिय निकायहरु तथा बाह्य लेखापरिक्षकको निर्देशन बमोजिम परिवर्तन हुन सक्नेछन् ।
२. नेपाल लेखामान बोर्ड र ICAN ले जारी गरेको नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (NFRS) अनुसार वार्षिक वित्तिय विवरण तयार गरिएको छ ।
३. सहकारी संस्थालाई प्रदान गरेको कर्जा तथा सापट रकम कर्जा नोक्सानी व्यवस्था रकम घटाएर प्रस्तुत गरिएको छ ।
४. सहकारी संस्थालाई प्रदान गरेको कर्जा तथा सापट रकममा कर्मचारीलाई प्रदान गरेको कर्जा रकम परिशोधित लागतमा समावेश रहेको छ ।
५. गत वर्षको रकमहरु तुलनात्मकताको लागी आवश्यक भएमा पुनः वर्गीकरण, पुनः लेखन र सुधार गरिएको छ ।
६. अन्तरिम वित्तिय विवरण नेपाल राष्ट्र बैंकले जारी गरेको पछिल्लो निर्देशन बमोजिम २०८१ श्रावण मसान्तसम्ममा प्राप्त भएको व्याजलाई आम्दानी जनाई सो सम्बन्धि वित्तिय विवरणमा पर्ने असरहरु समावेश गरिएको छ ।
७. वार्षिक वित्तिय विवरण यस बैंकको वेभसाईट www.ncbl.coop मा प्रकाशन गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## वातावरणमैत्री कानुन तत्काल बनाऊ

**प्रकृतिमाथिको दोहनले विश्वमा नै विनास निम्त्याइरहेको छ । यसबाट नेपाल पनि अछुतो छैन । देशभर भइरहेको जथाभावी ढुंगा, गिटी र बालुवा उत्खनन कार्यले मुलुकको वातावरण ध्वस्त हुँदै जानुका साथै प्राकृति स्रोत नास हुँदै गएको छ । यसलाई रोक्न न संघीय सरकारले प्रभावकारी कदम चालेको छ, न प्रदेश र स्थानीय तहले । गैरकानुनी ढुंगा, गिटी र बालुवा उत्खननजस्ता प्राकृतिक स्रोतमाथिको जथाभावी दोहनले वातावरणीयलगायत विविध समस्या निम्त्याइरहेको छ । प्राकृति विपत्ति निम्त्याइरहेको छ । जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको छ । मुलुकको अर्थतन्त्रमा गम्भीर असर पुऱ्याइरहेको छ । यति हुँदाहुँदै पनि सरकारले प्रभावकारी कदम चाल्न सकेको छैन । कानुन नै बनाउन सकेको छैन भने भएका कानुनसमेत कार्यान्वयन गरेको छैन ।**

**यहीबीच सर्वोच्च अदालतले ढुंगा, गिटी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनका लागि आवश्यक कानुन बनाउन सरकारको नाममा निर्देशनात्मक आदेश गरेको छ । न्यायाधीशद्वय तीलप्रसाद श्रेष्ठ र अब्दुल अजीज मुलसमानको संयुक्त इजलासले २०८१ वैशाख १७ गते गरेको फैसलाको हालै सार्वजनिक गरेको पूर्णपाठमा उक्त कानुन बनाउन नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश दिएको उल्लेख छ । फैसलाको पूर्णपाठमा भनिएको छ, 'हालसम्म क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापन गर्नका निम्ति कुनै कानुनी व्यवस्था भएको नदेखिँदा ढुंगा, गिटी, बालुवा उत्खनन गरी क्रसर उद्योग सुव्यवस्थितरूपमा र वातावरणमैत्री रूपमा सञ्चालन हुने सुनिश्चितताका लागि ढुंगा, गिटी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनका लागि आवश्यक कानुन बनाउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।'**

**अदालतले तथ्य, कानुनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा ढुंगा, गिटी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्नेगरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९ जेठ ६ मा पारित ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ उक्त मापदण्डको दफा ४(१.०) र दफा ११(१) को हदसम्म उत्प्रेषणको आदेशले बदर गरेको छ । अदालतले ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७९ लाई बदर गरी २०७७ लाई कायम गरेको छ । उक्त ऐनमा क्रसर उद्योग सञ्चालन गर्दा दूरीसम्बन्धी मापदण्ड पालना गर्नुपर्ने व्यवस्था गरेको छ ।**

**सर्वोच्च अदालतको यो निर्देशनात्मक आदेश स्वागतयोग्य छ । सरकारले यसको पालना गर्दै तत्काल कानुन निर्माण गर्न जरुरी छ । जथाभावी प्राकृति स्रोतमाथिको दोहन रोक्नु सरकारको दायित्व हो । त्यसैले अदालतको आदेश पालना गर्दै आवश्यक कानुन बनाई कार्यान्वयनमा ल्याउन तत्काल अग्रसर हुनुको विकल्प छैन ।**

## मनन्योग्य

### चाणक्य नीति

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए । पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए। त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् ।

यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशील रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

युधिष्ठिरलाई युवराज बनाउनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए । जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूलाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो । द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए ।

जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्माण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो ।

# एमपक्स र सार्वजनिक स्वास्थ्य सरोकार



■ डा. केदार कार्की

कुनै पनि लक्षणविना मानिसमा मंकीपक्सको लक्षण देखापर्न सक्छ, जसमा सुरूमा इन्फ्लुएन्जाजस्तो देखिने टाउको दुख्ने, मांसपेशी दुख्ने र थकानलगायतका लक्षणहरु देखापर्छन् । ज्वरो आएको केही दिनभित्रमा अनुहारमा, त्यसपछि ढाडमा र त्यसपछि हातको हत्केला र खुट्टामा घाउहरु देखापर्छन् । यो रोग चिकनपक्स, दादुराजस्तै हुनसक्छ । यो दानाको उपस्थितिबाट छुट्याइन्छ, जुन कानको पछाडि, जबडाको मुनि, घाँटीमा, वा दाग सुरू हुनुअघि कम्मरमा देखापर्न सक्छ ।

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले मंकीपक्सको नयाँ नाम सिफारिस गरेको छ । विज्ञहरूसँगको परामर्शपछि डब्ल्युएचओले नयाँ शब्द 'एमपक्स'लाई मंकीपक्सको पर्यायवाचीका रूपमा प्रयोग गर्न थालेको छ । मंकीपक्सको महामारी फैलिएपछि केही समुदायमा यसलाई जातीय र कलंकित भाषा मानिन्थ्यो । धेरै व्यक्ति र देशहरूले विभिन्न सार्वजनिक सभाहरूमा नामको बारेमा चिन्ता व्यक्त गरेपछि डब्ल्युएचओलाई नाम परिवर्तनको प्रस्ताव गरिएको थियो ।

डब्ल्युएचओको आइसिडी अपडेट प्रक्रियाअनुसार यी परामर्शहरूका आधारमा नयाँ नामका लागि सुझाव पेस गर्न धेरै विशेषज्ञहरूलाई आमन्त्रित गरिएको थियो । डब्ल्युएचओका महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयससससँग थप छलफल परामर्श गरिएको थियो । जसअनुसार डब्ल्युएचओले यो नाम सिफारिस गरेको हो ।

एमपक्स (पहिले मंकीपक्स भनेर चिनिने) एक संक्रामक भाइरल रोग हो जुन मानिस र अन्य जनावरहरूमा संक्रमण हुने गरेको छ । ज्वरो आउने, लिम्फनोडहरू सुन्निने, फोकाहरू आउने र फुट्ने यो रोगका लक्षणहरू हुन् । लक्षणहरूको अवधि सामान्यतया हल्का हुन्छ र कुनै पनि लक्षणविना देखापर्न सक्छ । जसमा घाउहरू हुन्छन्, विशेषगरी बच्चा, गर्भवती महिलाहरूमा वा इम्युनोकम्प्रोमाइज्ड प्रणाली भएका व्यक्तिहरूमा यी लक्षणहरू देखिन सक्छन् ।

यो रोग एमपक्स भाइरस संक्रमणको कारणले हुन्छ । जुन ओर्थोपोक्स भाइरस जातको जुनोटिक भाइरस, स्मरपक्सको कारक प्रतिनिधि, भेरिओला भाइरस पनि यसै जातको हो । मानवमा दुई प्रकारका क्लेड-आई र क्लेड-आईआई (पहिले पश्चिम अफ्रिकी क्लेड) ले मध्यअफ्रिकी (कंगो बेसिन) प्रकारको तुलनामा कम गम्भीर रोग निम्त्याउँछ । यो संक्रमित जनावरको मासु खाँदा वा त्यस्ता जनावरले टोक्दा सर्न सक्छ । मानवदेखि-मानव प्रसारण संक्रमित शरीरको तरल पदार्थ वा दूषित वस्तुहरूसँगको सम्पर्कबाट, थोपा प्रसारणद्वारा र सम्भवतः हावाबाट हुने मार्गबाट हुन सक्छ ।

मानिसहरूले लक्षणको सुरुदेखि सबै घाउहरू नखुलेसम्म भाइरस फैलाउन सक्छन्; घाउ एक साताभन्दा बढी समयसम्म फैलिएको प्रमाणसहित भाइरसको डिएनए परीक्षण गरेर संक्रमण पुष्टि गर्न सकिन्छ । मंकीपक्सलाई मूलरूपमा नाम दिइएको थियो किनभने यो रोग प्रयोगशालाका बाँदरहरूमा पहिचान गरिएको थियो । पछि यो धेरै कारणहरूका लागि गलत नामको रूपमा आलोचना गरिएको थियो।

बाँदरहरू मुख्य होस्ट वा रिजरवायर होइनन् । नामले रोगको स्रोतको रूपमा अफ्रिकी देशहरूको बारेमा कलंकलाई अझ बलियो बनाउँछ । यसले जातिवादी र होमोफोबिक स्टेरियोटाइपहरूलाई प्रोत्साहित गर्न सक्छ जसले मानिसहरूलाई गैरमानवहरूसँग तुलना गर्दछ ।

यी मुद्दाहरूले रोगको प्रकोप रोक्नका लागि लडाइँलाई हानि पुऱ्याइरहेको तर्क गर्ने धेरै सार्वजनिक स्वास्थ्य संस्थाहरू र वैज्ञानिकहरूका अनुरोधहरू पछ्याउँदै, मंकीपक्स भाइरसका उपप्रकारहरूलाई अगस्ट २०२२ मा क्लेड-आई र क्लेड-आईआई नामकरण गरियो । डब्ल्युएचओले नोभेम्बर २०२२ मा घोषणा गऱ्यो कि यसले 'आफ्नो सञ्चारमा एमपक्स शब्द अपनाउने छ र अरूलाई यी सिफारिसहरू पालना गर्न प्रोत्साहित गर्ने छ' ।

मानिस र जनावर दुवैमा मंकीपक्स भाइरसको संक्रमण हुन्छ । ओर्थोपक्स भाइरस, पोक्स भिरिडे परिवारको जिनमा डबल-स्टचार्न्डेड डिएनए भाइरस हो । यो भाइरस पहिलोपटक बन्दी बाँदरमा पहिचान गरिएको थियो र मुख्यरूपमा मध्य र पश्चिमअफ्रिकाको उष्णकटिबंधीय वर्षावन क्षेत्रहरूमा पाइन्छ । भाइरसका दुई उपप्रकारहरू छन्, क्लेड-आई र क्लेड-आईआई (पहिले कंगो बेसिन र पश्चिम अफ्रिकी क्लेड), जुन भौगोलिक क्षेत्रहरूसँग मेल खान्छ ।

बाँदरका अतिरिक्त, यो भाइरस गाम्बियन थैलीमुसा (क्रिसेटोमाइसेस गाम्बियानस), डोर्मिस (ग्राफियुरस एसपिपी) र अफ्रिकी गिलहरी (हेलियोसियुरस र फनिसियुरस) मा पनि पहिचान गरिएको छ । खानाको रूपमा यी जनावरहरूको प्रयोग मानिसमा सर्ने महत्त्वपूर्ण स्रोत हुन सक्छ ।

कुनै पनि लक्षणविना मानिसमा मंकीपक्सको लक्षण देखापर्न सक्छ, जसमा सुरुमा इन्फ्लुएन्जाजस्तो देखिने टाउको दुख्ने, मांसपेशी दुख्ने र थकानलगायतका लक्षणहरू देखापर्छन् । ज्वरो आएको केही दिनभित्रमा अनुहारमा, त्यसपछि ढाडमा र त्यसपछि हातको हत्केला र खुट्टामा घाउहरू देखापर्छन् । यो रोग चिकनपक्स, दादुराजस्तै हुनसक्छ । यो दानाको उपस्थितिबाट छुटचाइन्छ, जुन कानको पछाडि, जबडाको मुनि, घाँटीमा, वा दाग सुरु हुनुअघि कम्मरमा देखापर्न सक्छ । सन् २०२२ मा मंकीपक्सको प्रकोपमा धेरै केसहरूमा जननांग र पेरी-एनल घाउहरू, ज्वरो, सुन्निएको लिम्फनोडहरू, र निल्दा दुखाइको समस्या देखिएको थियो ।

जनावरले टोके वा चिथोरे, संक्रमित जनावरको मासु वा रगत, ऱ्याललगायत तरल पदार्थ परेमा वा घाउको सम्पर्कबाट मानिसमा सर्न सक्छ । भाइरस छाला, श्वासप्रश्वास नली वा आँखा, नाक वा मुखको सूक्ष्म झिल्लीबाट शरीरमा प्रवेश गर्ने विश्वास गरिन्छ ।

एकजना संक्रमित व्यक्तिबाट परिवारका सदस्य र अन्यमा सर्ने जोखिम उच्च रहन्छ । यो भाइरस श्वासप्रश्वास (हावाबाट) सम्पर्कबाट वा संक्रमित व्यक्तिको शारीरिक तरल पदार्थसँग प्रत्यक्ष सम्पर्कबाट वा गर्भावस्थामा आमाबाट भ्रूणमा फैलिन सक्छ । यौनसम्पर्कको समयमा प्रसारण हुनसक्छ, जसमा संक्रामक भाइरस वीर्य नमूनाहरूबाट अलग गर्न सकिन्छ । सेमिनल फ्लुइडको लामो समयसम्म एक्सपोजरले मंकीपक्स भाइरसका लागि जननांग भण्डारको सम्भावना बढाउँछ ।

भाइरस फोमाइट्समार्फत वा घाउको सामग्रीको अप्रत्यक्ष सम्पर्कबाट पनि फैलिन सक्छ, जस्तैः दूषित ओछ्यान, विभिन्न उपकरणको प्रयोग, संयुक्त कोठालगायत कारणले भाइरस प्रसार हुनसक्छ । बढ्दो प्रसार जोखिम मौखिक म्युकोसामा भाइरसको परिचय समावेश गर्ने कारकहरूसँग सम्बन्धित छ । यो अझै थाहा छैन कि बाँदरको लक्षण नभएका मानिसहरूले भाइरस फैलाउन सक्छन् । सन् २०२२ प्रकोपका लागि जिम्मेवार स्ट्रेनको प्रसारमा थप अनुसन्धान जारी छ, तर यो क्लेड-आइआईमाअन्य स्ट्रेनहरूभन्दा फरक छ भन्ने सोचिएको छैन ।

क्लिनिकल भिन्नता निदानले अन्य रोगहरू जस्तै चिकनपक्स, दादुरा, ब्याक्टेरियल छालाको संक्रमण, खुजली, सिफिलिस र औषधि सम्बन्धित एलर्जीहरूको विचार गर्नुपर्छ । रोगको प्रारम्भिक वा प्रारम्भिक लक्षण चरणमा लिम्फचाडेनोप्याथीले बाँदर र चेचकलाई छुटचाउनसक्छ । भाइरसको परीक्षण गरेर निदान पुष्टि गर्न सकिन्छ ।

पोलिमरेज चेन रियाक्सन (पिसिआर) छालाको घाउबाट नमूनाहरूको परीक्षण रुचाइएको प्रयोगशाला परीक्षण हो । पिसिआर रगत परीक्षणहरू सामान्यतया अनिर्णित हुन्छन् किनभने भाइरस रगतमा छोटो समयका लागिमात्र रहन्छ । परीक्षण नतिजाको व्याख्या गर्न ज्वरो सुरु भएको मिति, दाना सुरु भएको मिति, नमूना संकलन गर्ने मिति, दानाको हालको अवस्था र बिरामीको उमेरसम्बन्धी जानकारी आवश्यक हुन्छ ।

युरोपेली संघ र संयुक्त राज्यमा टेकोभिरिमेटलाई मंकीपक्ससहित धेरै पोक्स भाइरसहरूको उपचारका लागि अनुमोदन गरिएको छ । बिएमजे उत्तम अभ्यासले आवश्यक भएमा सहायक हेरचाह (एन्टिपायरेटिक, तरल पदार्थको सन्तुलन र अक्सिजनसहित) को साथमा पहिलो-लाइन एन्टिभाइरल उपचारको रूपमा टेकलोभाइरिमेट वा स्मलपक्स उपचार ब्रिन्सिडोफोभिर सिफारिस गर्दछ । यदि माध्यमिक ब्याक्टेरिया वा भेरिसेलाजोस्टर संक्रमणको आशंका भएमा अनुभव जन्य एन्टिबायोटिक थेरापी वा एसाइक्लोभिर प्रयोग गर्न सकिन्छ ।

बिफरविरुद्ध खोप मानव मंकीपक्स संक्रमणविरुद्ध सुरक्षा गर्न मानिन्छ किनभने तिनीहरू नजिकबाट सम्बन्धित भाइरसहरू छन्, र चेचक टीकाकरणले जनावरहरूलाई प्रयोगात्मक घातक मंकीपक्स चुनौतीहरूबाट बचाउँछ । भेरिसेल खोपले अफ्रिकामा पहिले खोप लगाएका व्यक्तिहरूमा मंकीपक्सको जोखिम कम गर्न रिपोर्ट गरिएको छ । खुला जनसंख्यामा पोक्स भाइरसहरूप्रति प्रतिरोधात्मक क्षमताको कमी मंकीपक्स फैलिने कारक हो । यो सन् १०८० भन्दा पहिले खोप लगाइएकाहरूबीचको क्रस-प्रोटेक्टिभ प्रतिरोधात्मक क्षमतामा आएको गिरावटलाई श्रेय दिइएको छ । जब ठूला-ठूला बिफर खोपहरू बन्द गरिएको थियो र खोप नलगाएका व्यक्तिहरूको अनुपातमा क्रमिक वृद्धि भएको थियो ।

युनाइटेड स्टेट्स सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सनले सिफारिस गर्छ कि मंकीपक्सको प्रकोपको अनुसन्धान गर्ने र संक्रमित व्यक्ति वा जनावरहरूको हेरचाह गर्ने व्यक्तिहरूले मंकीपक्सबाट जोगिन बिफर खोप लिनुपर्छ । मंकीपक्स भएको पुष्टि भएका मानिस वा जनावर हरूलाई पनि खोप लगाउनुपर्छ ।

गर्भावस्थाको समयमा प्रयोगका लागि स्मलपक्स वा मंकीपक्सको खोपलाई अनुमोदन गरिएको छैन भने त्यस्ता व्यक्तिहरू फिल्ड अनुसन्धानमा संलग्न नभएसम्म, सिडिसीले गैरभ्याक्सिन चिकित्सकहरू, पशु चिकित्सकहरू, वा पशु नियन्त्रण अधिकारीहरूलाई पूर्वएक्सपोजर खोप सिफारिस गर्दैन ।

सिडिसीले सिफारिस गरेको छ कि, स्वास्थ्य सेवा प्रदायकहरूले संक्रमित व्यक्तिको हेरचाह गर्नुअघि व्यक्तिगत सुरक्षा उपकरण (पिपिई)को पूर्ण सेट उपलब्ध गराउनू । यसमा एक गाउन, मास्क, चश्मा र एक डिस्पोजेबल फिल्टरिङ रेस्पिरेटर (जस्तैः एन-९५) समावेश छ । संक्रमित व्यक्तिलाई अरूलाई सम्भावित सम्पर्कबाट टाढा राख्नका लागि छुट्टै कोठामा राख्ने व्यवस्था गरिनुपर्छ ।

*(लेखक वरिष्ठ पशु चिकित्सक हुन्)*

# रोपाइँ जात्रा र बौद्ध तामाङ कल्याण गुठी



■ पदम श्रेष्ठ

बौद्ध क्षेत्रका ३९ वटा संघसंस्थाको सहभागितामा भदौ ४ र ५ गते मनाइने गाईजात्रा नेवार परम्परानुसार मृतकका नाउँमा घरघरबाट सापारु अर्थात् गाईको झाँकी बनाएर गाईजात्रा निकाले पनि बौद्ध क्षेत्रमा प्रचलित रोपाइँ जात्रा भने भोलिपल्ट द्वितियाको दिन मनाइने गरिन्छ ।

काठमाडौं उपत्यकामा आदिवासी नेवार र तामाङ समुदायले संयुक्तरूपमा मनाउने जात्रा साँखुको बज्रयोगिनी जात्रा, नुवाकोटको भैरवीजात्रा, बालाजुको बाइसधारामा नुहाउने मेला वा तिमाल जात्राजस्तै रोपाइँ जात्रा पनि हो । बौद्धमा बौद्ध तामाङ कल्याण गुठीको अगुवाइमा यो जात्रा मनाइन्छ । हुन त आदिकालदेखि नै नेवार-तामाङ समुदायबीच चुपचाप जात्रा, पर्व, पूजा संस्कृतिमा संयुक्त सहभागिता रहँदै आइरहेकै हो । त्यसमाथि परम्परालाई घोषितरूपमा नै रोपाइँ जात्रा मनाउन थालेपछि अझै प्रमाणित गरिदिएको पाइन्छ ।

करिब ३५० वर्ष पहिलेदेखि काठमाडौं उपत्यकामा मनाउँदै आएको गाईजात्रा र रोपाइँ जात्रामा बौद्धका तामाङ समुदायको पनि घोषितरूपमा सहभागिता २०५७ सालदेखि हुन आएको बताइन्छ । चुपचाप बौद्ध क्षेत्रमा भव्य झाँकी प्रदर्शन, नाचगान, हास्यब्यंग्य प्रहसन, डम्फु बाजा प्रदर्शनीका साथ तामाङ समुदायले रोपाइँ जात्रा मनाउँदै आइरहेको पाइन्छ । जुन जात्रालाई घोनाइ जात्राको नाउँमा बौद्ध तामाङ गुठीको नेतृत्वमा मनाउन थालिएको हो ।

बौद्ध क्षेत्रका ३९ वटा संघसंस्थाको सहभागितामा भदौ ४ र ५ गते मनाइने गाईजात्रा नेवार परम्परानुसार मृतकका नाउँमा घरघरबाट सापारु अर्थात् गाईको झाँकी बनाएर गाईजात्रा निकाले पनि बौद्ध क्षेत्रमा प्रचलित रोपाइँ जात्रा भने भोलिपल्ट द्वितियाको दिन मनाइने गरिन्छ । यस वर्षको जात्रालाई सुव्यवस्थित बनाउन बौद्ध तामाङ कल्याण गुठीका अध्यक्ष जयमंगल लामा संयोजक रहेको समिति बनाइएको छ ।

समितिका प्रवक्ता एवं बौद्धनाथ क्षेत्र विकास समितिका पूर्वअध्यक्ष सम्पूर्णकुमार लामाले यस पर्वबारे जानकारी दिँदै भने, '१७औं शताब्दीमा राजा प्रताप मल्लले आफ्नो छोरा चक्रवर्तिन्द्र मल्लको निधनमा शोकबाट डुबेकी रानीको चित्त बुझाउन गाईजात्राको आयोजना गरी यस वर्ष निधन भएको घरबाट गाईलगायत विभिन्न झाँकीस्वरूपले नगरपरिक्रमा गराउन उर्दी जारी गरेको बताइन्छ । सोही गाईजात्राको भोलिपल्ट मनाइने रोपाइँ जात्रालाई व्यवस्थित बनाउन स्थानीय संस्थाहरूमाझ विविध जिम्मेवारी बाँडफाड पनि गरिएको छ ।'

जीवन अनित्य छ, क्षणभंगुर छ, मृत्यु सत्यलाई कसरी मनोरञ्जनपूर्ण बनाई समाजमा मानिसलाई कसरी आडभरोसा प्रदान गर्न सकिन्छ भनेर आयोजना गर्न थालेको गाईजात्रा, रोपाइँजात्राले वर्तमानमा जातीय, क्षेत्रीयमात्र नभई राष्ट्रिय पर्वको रूप धारण गरिसकेको अवस्था छ । काठमाडौं, ललितपुर, भक्तपुरमा मात्र नभई देशका विभिन्न नेवार समुदाय पुगेका बस्तीहरूमा अन्य समुदायसँग मिलेर पनि गाईजात्रामा लाखे, रोपार, बाउसे, हली, घोडा बनेर महिला/पुरुष, बालबालिकाले विभिन्न पहिरनमा निस्केर अनेक भावभंगीमा हास्यव्यंग प्रदर्शन गर्ने गरेको पाइन्छ । त्यसैगरी रोपाइँजात्रालाई भव्य र सभ्य तरिकाले सम्पन्न गराउन बौद्ध तामाङ कल्याण गुठीको संयोजनमा बनेको समितिलाई काठमाडौं महानगरपालिका वडा नं. ६ र श्री बौद्धनाथ क्षेत्र विकास समितिको विशेष सहयोग रहेको बताइएको छ ।

काठमाडौं महानगरपालिका वडा नं. ६ का वडाध्यक्ष भुवन लामाले यस जात्रासँग आफ्नो बाल्यकालदेखिकै संलग्नता रहेको अनुभव सुनाउँदै ऐतिहासिक जात्रा पर्व संस्कृति मनाउने क्रममा विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ क्षेत्रमा आउने पर्यटकका साथै सहभागी सबैलाई मनोरञ्जन दिलाउन सफल हुने विश्वास व्यक्त गरे । अध्यक्ष लामाले सांस्कृतिक गतिविधि बौद्धनाथ क्षेत्रको अमूर्त सम्पदा भएको र यसलाई सभ्य, भव्य बनाउन आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन् ।

गाईजात्रा तथा रोपाइँ जात्रा (घोनाई) २०८१ मा विभिन्न संघ संस्थाको सहभागितामा बौद्ध फूलबारी, पिपलबोट, टुसालचोक, बौद्ध मूल गेट हुँदै बौद्ध परिक्रमा ऱ्यालीको आयोजना गरिने छ । त्यसैगरी रोपाइँ जात्रामा सहभागी विभिन्न समूहमध्ये उत्कृष्ट प्रदर्शन गर्ने समूहलाई पुरस्कारको व्यवस्था गरिएको छ ।

निर्णायक समितिको मूल्यांकनअनुसार प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने समूहलाई क्रमशः १० हजार रूपैयाँ, सात हजार रूपैयाँ, पाँच हजार र २५ सय रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने समितिले जनाएको छ ।

यस वर्ष रोपाइँ जात्राको अवसरमा लाखे, रोपार, बाउसेको रूपमा मनोरञ्जनात्मक प्रस्तुतिका साथै चर्चित हास्यव्यंग्य कलाकारहरू लक्ष्मण गाम्नाडे, राजा राजेन्द्र केसीलगायतका कलाकारहरूको प्रस्तुती, नाटक, तामाङ सेलो, मारूनी नृत्य, खैंजडी समूहको प्रस्तुतिसमेत रहने आयोजकले जानकारी दिएको छ ।

# रगतको 'रिपोर्ट' लिन दुई घन्टा कुर्नुपर्ने बाध्यता



**सुदूरपश्चिम–** धनगढी उपमहानगरपालिकाका बहादुर चौधरीलाई सेती प्रादेशिक अस्पताल धनगढीमा अघिल्लो दिन दिएको रगतको 'रिपोर्ट' लिन दुई घन्टा लाइनमा बस्नुपऱ्यो ।

स्वास्थ्य परीक्षण गराउन अस्पताल पुगेका चौधरीलाई चिकित्सकले रगत जाँच गराउन भनेपछि अस्पताल परिसरको प्रयोगशालामा रगत दिन उनले अघिल्लो दिन डेढ घन्टा लाइनमा बस्नुपरेको थियो ।

रगतको रिपोर्ट लिन लाइनमा बसेका अर्का एक बिरामी लाइनमा बस्दा धकेलाधकेल हुन थालेपछि रिपोर्ट नलिई फर्किए । धनगढीकै अर्का बिरामी हरिनादेवीलाई रगत दिन लामो समय लाइनमा बस्नुपऱ्यो । बहिरंग सेवा कक्ष अगाडि चिकित्सकको पर्खाइमा मुटुरोगीहरू डेढ घन्टाभन्दा बढी उभिएर लाइनमा बस्ने गरेका छन् ।

कोठाको बाहिरतर्फ बिरामी बस्नका लागि बेञ्च, डेस्कको व्यवस्था नगरिँदा उभिएर पालो कुरिरहेका बिरामी लामो समयसम्म उभिएरै लाइनमा बस्नुपर्ने बाध्यता छ । अल्ट्रासाउन्ड कक्षको ढोका अगाडि पनि थामिनसक्नु भीड हुने, ह्वीलचियरमा बसेर एक्स-रे गराउन पुगेका अपांगता भएका र वृद्ध बिरामीलाई समेत कुर्न लगाउने गरिएको छ ।

अपांगता र वृद्धवृद्धालगायतलाई सामाजिक सुरक्षाभत्ताको कार्ड पेस गरेमा निःशुल्क उपचारको व्यवस्था सरकारले गरेता पनि अस्पतालबाट सहजरूपमा उपचार सेवा लिन असहज भएको उनीहरूको गुनासो छ । 'उखरमाउलो गर्मीमा उभिएर घन्टौंसम्म लाइनमा बस्दा पनि पालो नआउँदा बिरामी थप बिरामी हुने अवस्था देखिएको भएको छ,' मुटुरोगको परीक्षण गराउन पालो कुरिरहेका कमलसिंह भण्डारीले भने ।

अस्पतालको आकस्मिक कक्षको अवस्था पनि उस्तै छ । शयया नपुगेर बरण्डा र ग्यालरीमा राखेर बिरामीको उपचार गर्ने गरिएको छ । सुदूरपश्चिम प्रदेशको सबैभन्दा ठूलो 'रेफरल' अस्पतालका रूपमा रहेको सेती प्रादेशिक अस्पताल धनगढीमा बिरामीले खेप्नुपरेको सास्तीका यी प्रतिनिधिमूलक घटना हुन् ।

मन्त्री र अस्पताल विकास समितिका पदाधिकारीले पटक-पटक अस्पतालको उपचार सेवामा सुधार ल्याउने प्रतिबद्धता गरे पनि अस्पतालको उपचार व्यवस्थापनमा सुधार आउन नसकेको बिरामी बताउँछन् । 'रगत जाँच गर्न, रगत दिन त दुई घन्टा लाइनमा बस्नुपर्छ, अस्पतालले दिने उपचार सेवा कस्तो होला,' बिरामी भण्डारीले भने, 'धनी व्यक्ति निजी अस्पताल र क्लिनिकमा उपचार गराउन जान्छन्, गरिब उपचारका लागि आउने यो अस्पतालको उपचार व्यवस्था यस्तो लथालिंग छ ।'

प्रदेश संरचना कार्यान्वयनमा आएसँगै धनगढीको सेती अञ्चल अस्पताललाई सेती प्रादेशिक अस्पतालमा स्तरोन्नति गरिएको थियो । अस्पतालको सेवा सुदृढीकरण एवं स्तरोन्नतिका लागि प्रदेश सरकारले बर्सेनि बजेट विनियोजन गर्ने गरेको छ । स्वीकृत प्राप्त र अस्पताल विकास समितिबाट थपिएकोसमेत गरी ३०० शयया सञ्चालनमा रहेको यो अस्पताल सुदूरपश्चिम प्रदेशको ठूलो अस्पताल मानिन्छ । अस्पतालमा चिकित्सक, नर्सिङ स्टाफलगायत गरी ३०० स्वास्थ्यकर्मी कार्यरत छन् । प्रदेशका अन्य स्वास्थ्य संस्था एवं अस्पतालमा उपचारार्थ भर्ना हुने कतिपय बिरामीलाई थप उपचारका लागि यसै अस्पतालमा सिफारिस गरिन्छ ।

स्वास्थ्योपचारमा प्रयोग हुने स्वास्थ्य उपकरण बिग्रिएमा मर्मत गर्ने जनशक्ति नहुँदा बेलाबेलामा समस्या हुने गरेको छ । अस्पतालका सूचना अधिकारी किशोर श्रेष्ठले अस्पतालको उपचार सेवालाई सहज र छिटोछरितो गराउने प्रयास गरिए पनि आवश्यकताबमोजिम दक्ष जनशक्ति अभाव हुँदा समस्या भइरहेको बताए । 'धेरै प्रकारका उपचार सेवा उपलब्ध गराउनुपर्छ तर कर्मचारी संख्या कम हुँदा उपचार सेवा दिन ढिलाइ भएको हो,' उनले भने ।

उपचारमा प्रयोग हुने एउटा स्वास्थ्य उपकरणबाट धेरै बिरामीलाई सेवा दिनुपर्ने हुँदा बिरामीको उपचार सेवामा ढिलाइ भएको उनले बताए । अस्पतालको बहिरंग (ओपिडी) सेवामा दैनिक ८०० देखि एक हजार बिरामी उपचारका लागि आउने गरेका छन् । आकस्मिक कक्षमा दैनिक २०० बिरामी आउने गर्छन् ।

अस्पतलाबाट ज्येष्ठ नागरिक, महिला स्वयंसेविका, कैदीहरू, आपांगता भएका, लैंगिक हिंसामा परेका महिला पुरुषलगायतको निःशुल्क उपचार गर्ने गरिएको छ । सहरी क्षेत्रमा जनसंख्याको चाप बढेसँगै अस्पतालमा बिरामीको चाप पनि बढ्दो छ । बिरामीको चाप बढ्दा सेती प्रादेशिक अस्पताल परिसरमा ठाउँको अभाव देखिएको छ ।

अस्पतालमा भवनलगायतको भौतिक पूर्वाधारको अभाव छ । दश वर्षअघि अस्पताल परिसरमै प्रसूति भवन निर्माण थालिएको भए पनि निर्माण पूरा भएको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा सो भवन निर्माण सुरु गरिएको थियो । निजी अस्पतालमा उपचार सेवा महँगो हुँदा विपन्न समुदायका धेरै बिरामी यो अस्पतालमा आउने गरेका छन् । पछिल्ला वर्षमा धनगढीमा निजी अस्पतालको संख्या वृद्धि हुँदा नागरिकको स्वास्थ्यमा पहुँच पुग्ने दर पहिलेकोभन्दा बढेको छ ।

केही दिनदेखि सेती प्रदेशिक अस्पतालको 'एमआरआई' मेसिन बिग्रिएको छ । एमआरआई सेवा सञ्चालन गर्न काठमाडौंबाट बायोमेडिकल इञ्जिनियरको टोली बोलाइएको अस्पताल प्रशासनले जनाएको छ । चटचाङका कारण तार जलेर क्षति पुगेपछि यो मेसिनले काम नगरेको अस्पतालले जनाएको छ । गत वर्षदेखि अस्पतालले एमआरआई र सिटीस्क्यान सेवा उपलब्ध गराउन थालेको हो । *रासस*



**फोहोर मलाई** | रामसीता रामपुर यातायात प्रालि रामपुर पाल्पाले बेफ्ाँड बजार क्षेत्रबाट निस्कने फोहोरजन्य पदार्थलाई व्यवस्थापन गर्न राखेको 'फोहोर मलाई' लेखिएको डस्टबिन । प्रालिले बजार क्षेत्रका मुख्य स्थानका लागि डस्टबिन व्यवस्थापन गरेको छ ।

*तस्बिरः सुशीला रेग्मी/रासस*

# गोसाइँकुण्डमा पहिलोपटक पुग्यो राष्ट्रिय ग्रिडको बिजुली

**काठमाडौं (प्रस)–** पवित्र धार्मिकस्थल रसुवाको गोसाइँकुण्डमा पहिलोपटक राष्ट्रिय प्रसारणलाइनको बिजुली पुगेको छ । यसबाट गोसाइँकुण्ड पुग्ने तीर्थयात्रीलाई सहज हुने भएको छ । ग्रामीण र दुर्गम क्षेत्रमा लगातार विद्युत् सेवा उपलब्ध गराउँदै आएको नेपाल विद्युत् प्राधिकरणले पहिलोपटक गोसाइँकुण्डमा बिजुली पुऱ्याएपछि स्थानीयका अलावा तीर्थयात्रीलाई राहत पुगेको हो ।

प्राधिकरणले समुद्र सतहबाट चार हजार ३८० मिटर उचाइमा रहेको गोसाइँकुण्डमा शुक्रबार साँझदेखि ग्रिडको विद्युत् पुऱ्याइएको जनाएको छ । बिजुली बत्ती पुगेसँगै गोसाइँकुण्ड क्षेत्र झिलिमिली भएको छ । धार्मिक एवं पर्यटकीय गन्तव्य गोसाइँकुण्डमा जनैपूर्णिमाका दिन लाग्ने मेलाको पूर्वसन्ध्यामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुऱ्याइएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए । अहिलेसम्म गोसाइँकुण्ड क्षेत्र र त्यहाँ पुग्ने पैदल बाटोमा पर्ने केही स्थानका पर्यटन व्यवसायीले सौर्य ऊर्जाबाट विद्युत् प्रयोग गरिरहेका थिए ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले धार्मिक एवं पर्यटकीय क्षेत्रलाई उज्यालो बनाउने अभियानअन्तर्गत गोसाइँकुण्डमा राष्ट्रिय प्रसारणलाइनको विद्युत् पुऱ्याइएको जानकारी दिए । 'प्राधिकरणमा जागिर सुरु गर्नासाथ मैले प्यूठानस्थित धार्मिक एवं पर्यटकीयस्थल स्वर्गद्वारीमा विद्युत् पुऱ्याएको थिएँ,' उनले भने, 'अहिले देशलाई पूर्णरूपमा उज्यालो बनाउने अभियानअन्तर्गत पूर्ण विद्युतीकरणको अन्तिम यात्रामा सुस्ता, गोसाइँकुण्ड, अन्नपूर्ण आधार शिविर, माथिल्लो मुस्ताङ, विभिन्न ठाउँमा रहेका गुम्बा, मस्जिद, मन्दिरजस्ता धार्मिक, पर्यटकीय एवं ऐतिहासिक क्षेत्रमा राष्ट्रिय ग्रिडको विद्युत् पुऱ्याइरहेका छौं ।'

रसुवाको सदरमुकामबाट गोसाइँकुण्डतर्फ जाने बाटोमा पर्ने चन्दनबारीसम्म यसअघि नै राष्ट्रिय ग्रिड पुगेको थियो । चन्दनबारीबाट करिब आठ किलोमिटर ११ केभी लाइन लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्र हुँदै गोसाइँकुण्डमा पुऱ्याइएको छ । यसका लागि निकुञ्जसँगको समन्वयमा २०० खम्बा राखिएका छन् । खम्बा ट्रान्सफर्मरलगायतका उपकरण मानिस र खच्चडले ढुवानी गरिएको थियो ।

गोसाइँकुण्डमा विद्युत् आपूर्तिका लागि १५ केभिए क्षमताको वितरण ट्रान्सफर्मर जडान गरिएको छ । बर्खायाम सकिएर मौसममा सुधार आउनासाथ ५० केभिएको ट्रान्सफर्मर राखिने प्राधिकरणले जनाएको छ । बर्खाका कारण ठूलो क्षमताको ट्रान्सफर्मर ढुवानी गर्न नसकेपछि हाललाई बुद्धमन्दिर र गोसाइँकुण्डमा १५/१५ केभीए क्षमताका ट्रान्सफर्मर राखी विद्युत् आपूर्ति दिइएको प्राधिकरण धुन्चे वितरण केन्द्र प्रमुख सञ्जिव भट्टराईले जानकारी दिए । उनले गोसाइँकुण्ड जाने बाटोमा पर्ने जोलाङपाटी, लौरीबिनायक र बुद्धमन्दिरमा ५०/५० केभीएको वितरण ट्रान्सफर्मर राखिने बताए ।

जोलाङपाटी र लौरीबिनामा केही होटल सञ्चालनमा छन् । मेलाका यात्रुहरूलाई लक्षितगरी त्यस क्षेत्रमा छाप्राहरू बनाइएका छन् । गोसाइँकुण्डमा विद्युत् पुऱ्याउन गत वर्षको असोजमा ठेक्का सम्झौता भएको थियो । उक्त कार्यको अनुमानित लागत करिब तीन करोड रूपैयाँ रहेको छ ।

# ढोरपाटन पुग्ने भक्तजनलाई सास्ती

**ढोरपाटन (बागलुङ)–** हरेक वर्ष जनैपूर्णिमामा नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा ठूलो धार्मिक मेला लाग्छ । यस वर्ष पनि मेला सुरु भएको छ । देशभरबाट ढोर बराह मन्दिरमा पूजाआजा गर्न आउने भक्तजन शनिबारदेखि नै ढोरपाटन पुगेका छन् ।

एक दशक अगाडिसम्म बुर्तिबाङ बजारदेखि भक्तजन हिँडेरै ढोरपाटन पुग्ने गर्थे भने अहिले सडक पुगेको छ । वि.सं. २०७१ सालमा ढोरपाटन सडकले जोडिएपछि अहिले धेरैजसो गाडीमै जाने गर्छ । ढोरपाटन जोडिएको सडक राष्ट्रिय प्राथमिकताको आयोजना 'सालझण्डी-ढोरपाटन सडक' पर्छ । रूपन्देहीको सालझण्डीदेखि नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन जोडिएको यो सडक एक दशक अगाडि ट्र्याक खुले पनि स्तरोन्नति नहुँदा यात्राका लागि जोखिमयुक्त भएको हो ।



बागलुङको बुर्तिबाङदेखि ढोरपाटन उपत्यकासम्मको करिब ३२ किलोमिटर सडकको अवस्था झनै खराब बनेको छ । जनैपूर्णिमाका बेला एकै दिन दशौं हजार भक्तजन पुग्ने हुँदा सवारीसाधानको पनि चाप निकै हुन्छ । मनोकांक्षा पूरा हुने जनविश्वासले ढोरपाटन आउने भक्तजन सडकका कारण सास्ती खेप्न बाध्य छन् । सडकको दुरावस्थाको कारण कयौंको गाडी बीच सडकमै बिग्रिने हुँदा ढोरपाटन पुग्न समस्या हुने गरेको छ । सालझण्डी-ढोरपाटन सडकको बागलुङ खण्डमा करिब ६१ किलोमिटर सडक पर्छ ।

त्यसमध्ये अहिलेसम्म कुनै पनि स्थानमा स्तरोन्नति हुन सकेको छैन । तीन वर्ष अगाडि बुर्तिबाङदेखि फल्लेघरसम्मको २२ किलोमिटर सडक स्तरोन्नतिका लागि ठेक्का लगाए पनि निर्माण कम्पनीले काम नगर्दा सडकको दुरावस्था छ ।

मेलामा आउने भक्तजन र पर्यटकलाई लक्षित गरी ढोरपाटन नगरपालिकाले दुई दिनदेखि मेसिन र मजदुर लगाएर सडकका खाल्डाखुल्डी पुर्ने काम गरेको छ । चार वर्ष अगाडि भूजीखोलामा आएको बाढीले सडकको धेरै स्थानमा क्षति पुऱ्याएको छ । ती स्थानमा अहिले सामान्य मर्मत गरेर सकसपूर्ण रूपमा सवारी साधान ओहोरदोहोर गर्छन् । जनैपूर्णिमामा ढोरपाटन जाने भक्तजनको सहजताका लागि अप्ठ्यारो ठाउँमा सडक मर्मत सम्भारको काम गरिरहेको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले जानकारी दिए । यो सिजनमा भक्तजनसहित बुकी चढ्न हजारौं पर्यटक आउने हुँदा सडकको दुरावस्थाका कारण दुःख पाउने गरेको उनको भनाइ छ ।

उपप्रमुख कायतले भने, 'यो सडक संघीय सरकार मतहतको आयोजना हुँदा नगरपालिकाले काम गर्न नमिल्ने रैछ, धेरै पटक बन्द हुँदा खुलाउने काम भने गर्दै आएका छौं, अहिले पनि मेसिन लगाएर सडक संचालन हुने गराएका छौं, तर निर्माण कम्पनीले काम पोहोर सालनै सक्नु पर्ने हो तर कत्ति पनि काम गर्न सकेको छैन, यसले पर्यटकलाई सास्ती बनाएको छ, जनैपूर्णिमामा ढोरपाटन आउने भक्तजनलाई सहजताको लागि ठाउँ-ठाउँमा सडक मर्मत गरेका छौं, केही अप्ठ्यारो नपरो भनेर ठाउँ-ठाउँमा मेसिन 'स्टचाण्ड बाई' राखेका छौं ।'

सडकको धेरै ठाउँमा खाल्डाखुल्डी र बीचमा ठूला-ठूला ढुंगा हुँदा गाडी बिग्रिएर पर्यटक बीच बाटोमा अलपत्र पर्ने गरेका छन् । बिग्रिएको गाडी बनाउनका लागि नजिकमा ग्यारेजसमेत नहुँदा पर्यटक निरास बनेर फर्किने गरेको ढोरपाटन नगरपालिका-९ का स्थानीय गुनबहादुर विक बताउँछन् । उनले बर्खाले गर्दा धेरै ठाउँमा सडक बिग्रिएको हुँदा यात्रा गर्न निकै कठिन हुने बताए । यतिबेला धेरै भक्तजनहरू पैदलयात्रा गरेरै ढोरपाटन जाने गरेको उनको भनाइ छ ।

'धेरै वर्ष भयो यो बाटो बिग्रिएको, अहिलेसम्म मर्मत भएको छैन, हिउँदमा यस्तैमा पनि गाडीहरू चल्छन्, बर्खामा धेरै गाडी ठाउँ-ठाउँमा बिग्रिन्छन्, ढोरपाटन धेरै सुन्दर छ, त्यही देखेर मान्छेहरू घुम्न आउँछन् तर बाटो देखे भने अर्को पटक आउन धेरै सोच्छन्,' उनले भने, 'ढोरपाटन पुग्ने बाटोमा राम्रो होटलहरू पनि छैनन्, गाडी बिग्रिएर बीच बाटोमा पर्यटक रोकिए भने बास पाउन पनि गाह्रो हुन्छ, सरकारले यो बाटोलाई गम्भीररूपमा लिएर स्तरोन्नति नगरे धेरैले दुःख पाउँछन् ।'

तराई र पहाडलाई जोड्ने गरि रूपन्देहीको सालझण्डीदेखि अर्घाखाँची हुँदै ढोरपाटन जोड्ने यो सडकको बागलुङ खण्ड वि.सं. २०७१ सालमा ट्र्याक खुलेको थियो । बडिगाडको गंगरेदेखि ढोरपाटनसम्म ६१ किलोमिटर सडक बागलुङमा पर्छ । *रासस*

# अधिकांश विद्यालयमा शिक्षक दरबन्दी न्यून

**बरहथवा (सर्लाही)–** सर्लाहीका अधिकांश विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीसमेत अभाव हुँदा पठनपाठन प्रभावित भएको छ । जिल्लाका अधिकांश विद्यालयमा न्यूनतम आवश्यकताभन्दा पनि धेरै कम शिक्षक दरबन्दी रहेको छ ।

दरबन्दीअनुसार शिक्षक दरबन्दी पर्याप्त नभएका कारण ५ कक्षासम्मका विद्यार्थीलाई दुई शिक्षकशिक्षिकाले पढाउनुपरेको गोडैता नगरपालिका-२, जयपुरमा रहेको जनता आधारभूत विद्यालयका प्रधानाध्यापक गर्बु महतोले बताए । शिक्षा विकास तथा समन्वय एकाइका अनुसार शिक्षकको दरबन्दी न्यूनतम आवश्यकताको पनि आधाभन्दा कम रहेको पाहिएको हो । यस जिल्लामा ४४७ वटा सामुदायिक, १९८ वटा संस्थागत र ७२ वटा धार्मिक विद्यालय सञ्चालनमा रहेको शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्रमुख तारापति खरेलले जानकारी दिए ।

जिल्लामा संकलित विद्यालय र त्यसमा अध्यनरत छात्रछात्राको अनुपातमा शिक्षक दरबन्दी निकै कम रहेको तथ्यांकले देखाएको छ । विद्यार्थी र विद्यालयको अनुपातमा कम्तीमा जिल्लामा दुवै प्रक्रियाबाट न्यूनतम पाँच हजार ३२७ वटा शिक्षक दरबन्दी आवश्यक रहेको कार्यालय प्रमुख खरेलले बताए । शिक्षक दरबन्दी अभावका कारण जिल्लामा अधिकांश विद्यालय संकटमा परेका उनको भनाइ छ । आन्तरिक स्रोत जुटाउन सक्ने केही पालिकाले शिक्षक राखेका छन् ।

जिल्लामा प्राविधिक धारतर्फ भने शिक्षक दरबन्दी आवश्यकताअनुसार नै रहेको उनले बताए । पशु विज्ञान, बाली विज्ञान, कम्प्युटर, सिभिल इन्जिनियरिङ गरेर जिल्लामा नौवटा प्राविधिक धारतर्फका विद्यालयहरू छन् । त्यसका लागि ७३ वटा शिक्षक दरबन्दी रहेको छ । शिक्षक पर्याप्त नभएका कारण पठनपाठन प्रभावित हुने गरेको हरिपुर्वा नगरपालिकास्थित जनता माध्यामिक विद्यालयका छात्र रामविश्वास रायले गुनासो गरे । 'विद्यालयमा सधैं शिक्षक अभाव हुन्छन् । हामीले किताब पढ्नै नपाई परीक्षा दिनुपरेको छ,' उनले भने ।

यस्तै, सुस्त श्रवण पाँच, सुस्त मनस्थिति तीन र दृष्टिविहीनका लागि एक विद्यालय सञ्चालन भइरहेका हुन् । दशवटा माविमा नमूना कार्यक्रम सञ्चालन भइरहेको शिक्षा समन्वय कार्यालय मलंगवाका प्राविधिक सहायक सुनिलप्रसाद कुशवाहले जानकारी दिए । २०५८ सालमा कायम भएको स्वीकृत शिक्षक दरबन्दी र २०६७ सालमा कायम राहत अनुदान शिक्षक दरबन्दीकै भरमा विद्यालयमा पठनपाठन गराउनु परिरहेको बागमती नगरपालिका-२, घरहरामा रहेको जनबाल कल्याण माविका प्रधानाध्यापक प्रकाशबहादुर जिम्बाको भनाइ छ । त्यसयता विद्यालयको स्तर उन्नति तथा विद्यार्थीको अनुपातमा भएको वृद्धिका कारण थोरै दरबन्दीमा पठनपाठन सकसपूर्ण भएको उनले बताए ।

तीनवटै सरकार शिक्षा क्षेत्रमा भएको समस्या समाधानम उदासीन देखिएका शिक्षासेवी तथा नागरिक समाजका अगुवा उग्रकान्त मिश्रको दाबी छ । बालबालिकाले न्यूनतम मात्रामा शिक्षकसमेत नपाउनु विडम्बना भएको उनको भनाइ छ । जिल्लामा सबै तहका गरी एक लाख ३४ हजार ७९९ छात्रा र एक लाख ४२ हजार ५६१ जना छात्र गरी कूल दुई लाख ७७ हजार ३६० जना छात्रछात्रा अध्यनरत छन् । तराईका जिल्लामा प्राविमा प्रतिशिक्षक ५० जना र मावि तहमा प्रतिशिक्षक अधिकतम ४० जना विद्यार्थी रहने संघीय शिक्षा ऐनमा उल्लेख छ । *रासस*

# प्रभाव दैनिक

सोमबार, ०३ भदौ २०८१ (Monday, August 19, 2024)


## रूपशाला

### टीका प्रसाईंले ल्याइन् 'माया बस्यो संगिनी'

तीजलाई लक्षित गरेर गायिका टीका प्रसाईंको स्वरमा 'माया बस्यो संगिनी' गीत सार्वजनिक भएको छ । गीतमा प्रमिला बस्नेतको शब्द, राजेश थापाको संगीत र रमेश सेञ्चुरीको एरेञ्ज रहेको छ । तीजमा नेपाली नारीहरूले भोगेको पीडालाई गीतमा आकर्षकरूपमा समावेश गरिएको छ । आफ्नो मायाको यादमा जवानीलाई साँचेर राखेको कुरा गीतमा गरिएको छ । गीतको भिडियोलाई केशवराज भट्टले निर्देशन गरेका हुन् ।



# विभिन्न विधामा 'कलाक्रान्ति अवार्ड' वितरण

**काठमाडौं (प्रस)–** शनिबार छ वटा विधामा कला क्षेत्रमा लागेका व्यक्तिहरूलाई 'कलाक्रान्ति अवार्ड' वितरण गरिएको छ । नगेन आर्ट एकेडेमीको आयोजनामा अवार्ड वितरण गरिएको हो ।

कूल ५४ कलाकार, समीक्षक तथा कला क्षेत्रमा काम गर्ने व्यक्तिहरूलाई ७२ वटा पुरस्कार वितरण गरिएको आयोजक प्रतिनिधि प्राज्ञ नगेनसिंह ठकुरीले जानकारी दिए । यसपालिको ललितकला डायमण्ड वर्ष व्यक्तिका रूपमा विक्रम श्रीलाई अवार्ड प्रदान गरिएको थियो ।

ठकुरीकानुसार यसपालि 'गुगल अवार्ड' पुरुषतर्फ विक्रम श्री र महिलातर्फ शुष्माराज भण्डारीलाई प्रदान गरिएको छ । यस्तै गुगल अवार्डको फर्स्ट रनरअपमा राजु पिठाकोटी र सेकेन्ड रनरअपमा दीपेन्द्रमान बनेपाली घोषित भए । नेसनल आर्ट एक्स अवार्ड वरिष्ठ कार्टुनिस्ट दुर्गा बराल वात्स्यायनलाई प्रदान गरियो भने फर्स्ट रनरअपमा एनबी गुरुङ र सेकेण्ड रनरअपमा शुष्माराज भण्डारी घोषित भए ।

कलाकार विक्रम श्रीले नेसनल आर्ट लिंगदेन अवार्ड प्राप्त गरे । फर्स्ट रनरअपमा दीपेन्द्रमान बनेपाली र सेकेण्ड रनरअपमा केशवराज खनाल घोषित भए । नेसनल आर्ट युट्युब अवार्ड विक्रम श्रीले नै प्राप्त गरे भने फर्स्ट रनरअपमा गणेश राई र सेकेण्ड रनरअप राजु पिठाकोटी भए ।

नेसनल आर्ट फेसबुक अवार्ड पनि विक्रम श्रीले प्राप्त गर्दा फर्स्ट रनरअपमा राजु पिठाकोटी र सेकेण्ड रनरअप गणेश राई भए । नेसनल आर्ट इन्ट्राग्राम अवार्ड पनि विक्रम श्रीले पाउनुभयो भने फर्स्ट रनरअप प्राज्ञ सञ्जय वान्तवा, सेकेण्ड रनरअप प्राज्ञ शुष्माराज भण्डारी घोषित भए ।

सोही कार्यक्रममा २०७९ साल र २०८० सालको कलाक्रान्ति अवार्ड र वर्ष व्यक्ति अवार्डसमेत वितरण गरिएको थियो । वि.सं. २०७९ को कलाक्रान्ति वर्ष पुरुषतर्फ सुर्खेतका विक्रम शिशिर, धनकुटाका डिल्लीकृष्ण आले, काठमाडौंका लोक चित्रकार, आशा डंगोल र किरण मानन्धरलाई अवार्ड प्रदान गरिएको थियो ।

कलाक्रान्ति वर्ष नारीतर्फ एलिना ताम्राकार, कृति शाह, संगी श्रेष्ठ, सुशीला सिंह र रागिनी उपाध्ययले अवार्ड पाए । कलाक्रान्ति वर्ष मूर्तिकारतर्फ नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका उपकुलपति लालकाजी लामा, प्राज्ञ दिनेश्वर महतो, कलाकार राजु पिठाकोटी, इन्दिरा श्रेष्ठ, मञ्जिल मितेरीले अवार्ड प्राप्त गरे भने वर्ष कार्टुनिष्टतर्फ वासु क्षितिज, रविन सायमी, अविन श्रेष्ठ, रवि मिश्र र अनुप गुरुङले अवार्ड जिते ।

कलाक्रान्ति वर्ष व्यक्तिमा संगीता थापा, अमिर बम्जन, तेजेन शेर्पा, एनबी गुरुङ र दुर्गा बराल वात्स्यायनलाई अवार्ड प्रदान गरिएको थियो । यस्तै विसं २०८० को कलाक्रान्ति वर्ष पुरुषमा नरबहादुर विके, रवि मिश्र, विजय महर्जन, दुर्गा बराल वात्स्यायन र मन गुरुङ घोषित भए । यस्तै वर्ष नारीतर्फ शुष्माराज भण्डारी, सन्ध्या शिलवाल र ज्योति गुरुङले अवार्ड पाए ।

कलाक्रान्ति वर्ष मूर्तिकारतर्फ राजु पिठाकोटी, यशोदाकुमारी सिंह र गणेश राई, कलाक्रान्ति वर्ष कार्टुनिस्टतर्फ अनुप गुरुङ, वासु क्षितिज र जित गुरुङ, कला क्रान्ति वर्ष व्यक्तितर्फ विक्रम श्री, एनबी गुरुङ, किरण सिगु, दीपेन्द्रमान बनेपाली र सञ्जय वान्तवा तथा कलाक्रान्ति वर्ष समीक्षकमा केशवराज खनाल, सुनिल पौडेल र बाबु साइँलाले अवार्ड प्राप्त गरे ।

## रंगशाला

### यू-२० साफ च्यामिपयनसिप

# नेपालले श्रीलंकालाई हरायो



**काठमाडौं (प्रस)–** आइतबारदेखि सुरु यू-२० पुरुष साफ च्यामिपयनसिप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा नेपालले सुखद् सुरुवात गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा नेपालले श्रीलंकालाई १-० गोलअन्तरले पराजित गर्दै सुखद् सुरुवात गरेको हो । जितसँगै नेपालले तीन अंक जोडेको छ ।

नेपालको जितमा निराजन धामी नायक बने । उनले खेलको २४औं मिनेटमा गोल गरेका थिए । आइतबारको खेलमा तुलनात्मकरूपमा बल पोजिसनमा नेपालको पक्ष राम्रो देखिए पनि फिनिसिङ राम्रो नहुँदा नेपालले कयौं अवसर गुमाएको थियो ।

च्याम्पियनसिपको समूह 'ए'मा नेपाल, श्रीलंका र बंगलादेश छन् भने समूह 'बी'मा भारत, माल्दिभ्स र भुटान छन् । समूह 'ए'को खेलमा श्रीलंका बंगलादेशसँग पराजित भएमा नेपाल एक खेल अगावै सेमिफाइनल पुग्ने छ । प्रतियोगिताअन्तर्गत आज समूह 'बी'मा रहेको भारत र भुटानबीच प्रतिस्पर्धा हुने छ ।


## युएईमा रोजगार

कम्पनी : DEFENDER SECURITY SERVICES L.L.C.
शहर :

पूर्व स्वीकृति मिति २०८१/०५/०२ | LT No : 308873 | चलानी नं ६०२२३६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EAD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DEFENDER SECURITY SERVICES L.L.C. | 5 | 10 | 1000 | ३६,४३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Lifeguard | 5 | 0 | 2200 | ८०,१४७ | | | | | | | |
| 3 | SUPER VISOR | 13 | 5 | 1800 | ६५,५७४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET — श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## युएईमा रोजगार

कम्पनी : ALITIQAN BLDG . CONT. CO LLC
शहर : Fujairah, UAE

पूर्व स्वीकृति मिति २०८१/०५/०२ | LT No : 309027 | चलानी नं ६०२२३७४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 10 | 0 | 900 | ३२,७८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SGS CLEANING SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८१/०५/०२ | LT No : 309027 | चलानी नं ६०२२३७५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SGS CLEANING SERVICES L.L.C. | 24 | 2 | 800 | २९,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com,
Permission No. 1676/080/081
INTREPID — LEARN ADAPT EVOLVE

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PINK DIAMOND MODERN TECHNICAL WORKS L.L.C

पूर्व स्वीकृति मिति २०८०/१२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०२ | LT. No. 302266 | चलानी नं. ६०२१७०९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Assistant | 1 | 0 | 1100 | ४०,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labourer | 1 | 0 | 1100 | ४०,०७५ | | | | | | | |
| 3 | Electrical Assistant | 2 | 0 | 1100 | ४०,०७५ | | | | | | | |
| 4 | Electrical Mechanic | 2 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 5 | Electrician | 2 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 6 | Elevator Electrician Assistant | 1 | 0 | 1100 | ४०,०७५ | | | | | | | |
| 7 | Gas Fitter | 2 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 8 | Painter | 2 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 9 | Painter Assistant | 2 | 0 | 1100 | ४०,०७५ | | | | | | | |
| 10 | Pipe Fitter | 2 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 11 | Pipeline Pumps Operator | 2 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 12 | Plumber | 2 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 13 | Welder | 2 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 14 | Welder Assistant | 1 | 0 | 1100 | ४०,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## साउदीमा रोजगार

कम्पनी : FALCONS VETERINARY CENTER
शहर : Skaka

पूर्व स्वीकृति मिति २०८१/०४/३२ | LT No : 309058 | चलानी नं ६०२२३७२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Social & Culture Assistant | 1 | 0 | 1800 | ६४,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**
श्रम ईजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENGINEERING GROUP CO FOR SOIL TESTING AND EGINEERING MATERIAL.

पूर्व स्वीकृति मिति २०८०/११/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०२ | LT. No. 300547 | चलानी नं. ६०२१५५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basic (Cleaner, Labor, Helper,sweeper, Watchman, B | 145 | 0 | 150 | ६४,६३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner Worker Selswoman | 0 | 5 | 150 | ६४,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMOO ALJAZEERA FOR TRADING & GENERAL CONTRACTINFG COMPANY

पूर्व स्वीकृति मिति २०८१/०४/३२ | LT. No. 309113 | चलानी नं. ६०२२३७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Nile International Manpower Agency Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७

## कुवेतमा रोजगार

कम्पनी : TRINITY SPICE RESTAURANT COMPANY
शहर :

पूर्व स्वीकृति मिति २०८१/०४/३२ | LT No : 309096 | चलानी नं ६०२२३७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLENER | 4 | 0 | 90 | ३९,५६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Light Vehicle Driver | 1 | 0 | 140 | ६१,५३८ | | | | | | | |
| 3 | RESTAURANT/ WAITER | 0 | 2 | 120 | ५२,७४६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न .७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUGHAL MAHAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०२/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०२ | LT. No. 305296 | चलानी नं. ६०२२००००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook / Assistant Chef | 10 | 0 | 155 | ६७१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 135 | ५८४८२ | | | | | | | |
| 3 | Helpers (Construction) | 10 | 0 | 105 | ४५४८६ | | | | | | | |
| 4 | Hostess | 0 | 8 | 135 | ५८४८२ | | | | | | | |
| 5 | Kitchen Tool Cleaner | 10 | 0 | 105 | ४५४८६ | | | | | | | |
| 6 | Waiter/hotel Service | 10 | 0 | 130 | ५६३१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Nexus Human Resource Pvt. Ltd.**
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAR AL BADRIYA CATERING COMPANY is a one-person company

पूर्व स्वीकृति मिति २०८१/०४/३२ | LT. No. 309052 | चलानी नं. ६०२२३७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३८४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

## साउदीमा रोजगार

कम्पनी : C.A.T. INTERNATIONAL COMPANY LIMITED
शहर : Custodian of the two Holy Mosques Road, Dahran, Ja

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | LT. No. 309119 | चलानी नं.६०२२३७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 50 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SKYWAYS BUREAU SERVICES PVT.LTD.**
Govt. License No. 871/066/67
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARKAN YATHRIB TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति २०८१/०२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०२ | LT. No. 304806 | चलानी नं. ६०२१९५९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६४,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १० गते (26th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**TESLA OVERSEAS PVT.LTD.**
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



भारतको अमृतसरमा हिन्दू पर्व रक्षा बन्धनको पूर्वसन्ध्यामा आइतबार सडक छेउको स्टलमा 'राखी' (पवित्र धागो) हेर्दै एक बालिका । रक्षा बन्धन पर्व आज मनाईंदै छ । *तस्बिरः एएफपी*

अमेरिकी राष्ट्रपतीय निर्वाचन

# ह्यारिसको अभियान जारी, समर्थन बढ्ने क्रममा निरन्तरता



**सिकागो–** अमेरिकी राष्ट्रपतीय निर्वाचनमा डेमोक्र्याटिक पार्टीका तर्फबाट उम्मेदवार रहेकी उपराष्ट्रपति कमला ह्यारिसले यो साता पेन्सिल्भेनिया र सिकागोमा महत्त्वपूर्ण कार्यक्रमहरू गर्ने भएकी छन् ।

विजयका लागि महत्त्वपूर्ण मानिएका राज्यमा आफ्नो अभियानलाई फैलाउन राज्यका विभिन्न स्थानमा पुग्ने क्रममा उनको चुनावी दौडाहाले दिन प्रतिदिन समर्थन बटुल्ने क्रम पनि जारी रहेको देखिन्छ । गाजामा इजरायलको युद्धको विरोधमा भइरहेको प्रदर्शनले छायाँमा पारेको अमेरिकी राष्ट्रपतीय निर्वाचनमा उनको चर्चा दिन प्रतिदिन चुलिन थालेको छ ।

राष्ट्रपति जो बाइडेनले करिब एक महिना पहिले निर्वाचनबाट आफ्नो उम्मेदवारी फिर्ता गर्दै आफ्ना सहयोगी ह्यारिसलाई समर्थन गरेका थिए । अभियानमा उत्साहको लहर चलाउँदै उपराष्ट्रपति ह्यारिसले आफ्ना चिरपरिचित रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पविरुद्ध आफ्नो चुनावी नारा लिएर आइतबार पेन्सिलभेनिया राज्यका विभिन्न स्थानको र्‍यालीलाई सम्बोधन गर्नेछिन् ।

त्यसपछि ५९ वर्षीय ह्यारिस डेमोक्र्याट्स प्रशंसकको स्वागतका लागि सिकागो पुग्नेछिन् । उनको अभियानले सिकागोको चुनावमा ट्रम्पको अग्रताको सम्भावनालाई क्षीण बनाएपछि गत हप्ता ट्रम्पले त्यहाँ माहोल फेरि आफ्नो पकडमा आउने आशा व्यक्त गरेका थिए ।

गाजामा हमासविरुद्ध इजरायलको युद्धलाई बाइडेन-ह्यारिस प्रशासनले समर्थन गरेको भन्दै यसको विरोधमा आइतबारदेखि हरेक दिन हजारौं प्रदर्शनकारी सिकागो उत्रिने अपेक्षा ट्रम्पले गरेका छन् । प्रदर्शन आइतबारदेखि सुरु भएर बिहीबार पनि जारी रहने अपेक्षा गरिएको छ । यो समयमा डेमोक्र्याटिक पार्टीको विशेषगरी सोमबार र बुधबार मुख्य सभा हुने बताइएको छ ।

डेमोक्र्याटिक पार्टीका लागि पनि चारदिने प्रचारप्रसार ट्रम्पको हत्याको प्रयास र ८१ वर्षीय बाइडेनको आश्चर्यजनक बहिर्गमनसहित स्मृतिमा सबैभन्दा उथलपुथलपूर्ण चुनावी चक्रको कडीमा ताजा हुने छ । अमेरिकी इतिहासका सबैभन्दा वृद्ध राष्ट्रपति पदका उम्मेदवार बाइडेनले केही गर्न नसक्ने उनको तुलनामा आफू अझै ऊर्जावान् रहेको भन्दै आफ्नो अभियानलाई अघि बढाएका रिपब्लिकन उम्मेदवार तथा पूर्वउपराष्ट्रपति ट्रम्प एकाएक झमेलामा फसेका छन् । बाइडेनको उम्मेदवारीबाट फिर्ता हुने निर्णयसँगै उपराष्ट्रपति ह्यारिसलाई दिएको समर्थनले ट्रम्पको दाबीअनुसार उनी नै वृद्ध उम्मेदवार बनेका छन् ।

रिपब्लिकनहरूले यस मुद्दामा अडिग रहन आग्रह गरेता पनि ट्रम्पले ह्यारिसको व्यक्तिगत अपमान र आलोचना गरेका छन् । पेन्सिलभेनियामा शनिबार एक र्‍यालीका लागि जाँदै गर्दा पूर्वराष्ट्रपति ट्रम्पले आफू ह्यारिसभन्दा 'धेरै राम्रो देखिने' भन्दै उनलाई 'पागल' को संज्ञा दिएका थिए । पेन्सिलभेनिया, अमेरिकाको ग्रामीण क्षेत्रमा सम्भवतः सबै प्रतिस्पर्धा हुने राज्यमध्ये सबैभन्दा मूल्यवान मानिएको छ ।

यसले सन् २०२४ को चुनावी दौडलाई परिभाषित गर्न सक्छ र उम्मेदवारहरूले त्यस क्षेत्रको बारम्बार भ्रमण गरिरहेका छन् । नयाँ डेमोक्र्याटिक मानकवाहक ह्यारिसले आइतबार टिम वाल्जसँग केही महत्त्वपूर्ण प्रचारबारे निर्णय गरेकी छन् । पिट्सबर्गबाट बसयात्रा सुरु गर्नुअघि पश्चिमी पेन्सिलभेनियामा गरिब श्रमिक वर्गका मतदाताहरूलाई आकर्षित गर्न धेरै अभियान स्टेसन बनाई कार्यक्रमको घोषणा गरेकी छन् ।

### सिकागो सम्मेलनमा सबैको ध्यान

सोमबार ह्यारिसको कथा अमेरिकी जनतासामु बताउने ठूलो अवसरका रूपमा लिइएको सिकागो सम्मेलनमा सबैका आँखा केन्द्रित छन् । बाइडेनको उपराष्ट्रपतिबाट राष्ट्रपतिका लागि उम्मेदवार बनेका उनलाई डेमोक्र्याटिक पार्टीको कमजोर अभियानलाई छिट्टै व्यापक समर्थन जुटाउन सफल भएका कारण उनी चिन्ने मौका मिलेको छ ।

ह्यारिसले बिहीबार अन्तिम दिन सम्बोधन गर्ने कार्यक्रम छ, तर सिएनएनका अनुसार बाइडेनले सोमबार सम्बोधन गर्दा उनी पनि बाइडेनसँग मञ्चमा देखापर्ने छिन् । गत जुनमा ट्रम्पविरुद्ध भएको विवादास्पद बहसपछि डेमोक्र्याटहरूले बाइडेनलाई फिर्ता गरेपछि वृद्ध राष्ट्रपति अझै निराश छन् । तर, बाइडेनले ट्रम्पले उत्पन्न गरेको लोकतन्त्रमा खतराको बारेमा ध्यान केन्द्रित गर्ने आफ्नो विरासतलाई बलियो बनाउन चाहेको स्पष्ट देखिन्छ ।

कोभिड महामारीबाट प्रभावित अर्थतन्त्र र 'ह्वाइट हाउसको शालीनता र गरिमा पुनःस्थापित गर्न' आफ्नै लाइनको व्यक्तिलाई नेतृत्वमा लान चाहनु बाइडेनका लागि अनौठो तर्क भने होइन । बाइडेनले 'उपराष्ट्रपति ह्यारिसको पक्षमा वकालत गर्नुहुने छ' र 'सबै अमेरिकीका लागि चुनावको दाउलाई उजागर गर्नुहुने छ,' डेमोक्र्याटिक पार्टीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

अमेरिकी प्रथम महिला जिल बाइडेन पनि सोमबार मञ्चमा आउने छन् भने पूर्वराष्ट्रपतिहरू बिल क्लिन्टन र बाराक ओबामा पनि यस हप्ता पूर्वविदेशमन्त्री हिलारी क्लिन्टनका साथ अभियानमा उपस्थित हुने अपेक्षा गरिएको छ ।

बुधबार ह्यारिसका तर्फबाट उपराष्ट्रपति पदका उम्मेदवार वाल्जले मिनेसोटा राज्यका गभर्नरका रूपमा ट्रम्प र उनका प्रतिद्वन्द्वी भान्सको आलोचना गरेका थिए । अधिवेशनको बीचमा ह्यारिस र वाल्जले विस्कन्सिनको मिल्वौकीमा चुनाव प्रचार गर्ने छन् र त्यसपछि सिकागो फर्कने छन् । सिकागोमा ह्यारिसका पति डग एमहोफले पनि ह्यारिसको अभियानलाई सम्बोधन गर्ने कार्यक्रम छ । *रासस/एएफपी*

## थाई नरेशद्वारा पेन्टोङ्टार्न सिनावात्रालाई औपचारिकरूपमा प्रधानमन्त्रीमा अनुमोदन



**बैंकक–** थाई नरेश महा वजिरालोंकर्नले आइतबार मुलुकको आगामी प्रधानमन्त्रीका रूपमा पेन्टोङ्टार्न सिनावात्रालाई औपचारिकरूपमा अनुमोदन गरेका छन् । सिनावात्राको नियुक्ति पछिल्लो सातामा थाई राजनीतिमा धेरै उतारचढावपछि भएको हो । यस अवधिमा संवैधानिक अदालतले सोही फेउ थाई पार्टीबाट उनका पूर्ववर्ती श्रेथा थाभिसिनलाई हटाएको थियो । राजाको अनुमोदनसँगै अब पेन्टोङ्टार्न सिनावात्राले आधिकारिकरूपमा मन्त्रिपरिषद् गठन गर्ने छन् । मन्त्रिपरिषद् गठन प्रक्रिया आगामी साताहरूमा हुने अपेक्षा गरिएको छ ।

अलजजिराका अनुसार हालै थाई संसद्ले पेन्टोङ्टार्नलाई आगामी र थाइल्यान्डको सबैभन्दा कम उमेरको प्रधानमन्त्री बनाउन मतदान गरेको थियो । संवैधानिक अदालतको फैसलाले श्रेथा थाभिसिनलाई हटाएपछि उनको स्थान पेन्टोगटार्नले लिएका हुन् । उङ इङ उपनामले प्रसिद्ध पेन्टोङ्टार्न अर्बपति टाइकुन थाक्सिन सिनावात्राकी कान्छी छोरी हुन् । आफ्ना बुबा र फुपूपछि मुलुकको शीर्ष पद सम्हाल्ने उनी परिवारको तेस्रो सदस्य बनेकी छन् । संसद्ले ३७ वर्षीया पेन्टोगटार्नलाई उनको फेउ थाई पार्टीको सत्तारूढ गठबन्धनले मनोनयन गरेको पुष्टि गरेको छ । *रासस/एएनआई*

## युक्रेनी ड्रोन आक्रमणबाट दक्षिण रुसमा इन्धन भण्डारमा आगलागी

**मस्को–** युक्रेनी ड्रोन आक्रमणबाट आइतबार बिहान रुसको दक्षिणी रोस्तोभ क्षेत्रमा एक तेल भण्डारण केन्द्रमा भीषण आगलागी भएको छ । सामाजिक सञ्जालमा प्रकाशित भिडियोमा आगो लागेपछि प्रोलेटार्स्क सहरमा बाक्लो कालो धुवाँ र आगोको मुस्लो निस्किएको स्थानीय गभर्नरले बताएका छन् ।

'रोस्तोभ क्षेत्रको दक्षिणपूर्वमा हवाई सुरक्षाले एउटा ड्रोन आक्रमणलाई विफल बनाएको छ, प्रोलेटार्स्कमा औद्योगिक भण्डार केन्द्रहरूको क्षेत्रमा ड्रोन खसेपछि डिजेल इन्धनमा आगो लाग्यो,' गभर्नर भासिली गेलबेभले टेलिग्राममा भने, 'स्थानीय समयानुसार बिहान पाँच बजेर ३५ मिनेटमा अर्को ड्रोन आक्रमणका कारण प्रोलेटार्स्कमा औद्योगिक सुविधामा अग्नि नियन्त्रण निलम्बित गरिएको थियो ।'

पछि उनले आक्रमणमा कोही पनि घाइते नभएको र आगो निभाउने प्रयास केही बेरपछि पुनः सुरु भएको बताए । प्रोलेटार्स्क युक्रेनी सीमाबाट करिब २५० किलोमिटर र युक्रेनी सीमामा लडिरहेका किएभको नियन्त्रणमा रहेको क्षेत्रबाट करिब ३५० किलोमिटर टाढा छ । रुसी रक्षा मन्त्रालयले रातभरमा 'विमान-प्रकार'का पाँच युक्रेनी ड्रोनलाई खसाएको बताएको छ । ती ड्रोनमध्ये दुईवटा रोस्तोभ क्षेत्रमा थिए ।

सन् २०२२ मा द्वन्द्व सुरु भएयता किएभले आफ्नो सीमाहरूबाट करिब सयौं किलोमिटर टाढा रुसमा तेल र ग्यास सुविधाहरूमा बारम्बार निशाना बनाएको छ । यसलाई युक्रेनले आफ्नो ऊर्जा पूर्वाधारमा आक्रमणको 'उचित' प्रतिशोध भनेको छ । यसै महिनाको प्रारम्भमा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसी तेल प्रशोधन केन्द्रहरूमा आक्रमण गरेकामा आफ्ना सेनाको प्रशंसा गर्दै आक्रमणले द्वन्द्वलाई 'उचित अन्त्य' गर्न मद्दत पुग्ने बताएका थिए ।

युक्रेनले रुसको कुर्स्क क्षेत्रमा अभूतपूर्व सीमापार आक्रमण गरेपछि ड्रोन आक्रमणहरू भएका हुन् । युक्रेनले कुर्स्क क्षेत्रमा ८० भन्दा धेरै बस्ती नियन्त्रण गरेको दाबी गरेको छ । *रासस/एएफपी*

# मेडिकल कलेज तथा अस्पतालमा चिकित्सकको प्रदर्शन जारी




**कलकत्ता, पश्चिम बंगाल–** भारतको पश्चिम बंगाल राज्यको कलकत्तामा गत अगस्ट ९ तारिखमा महिला सहकर्मीको हत्या र कथित यौन दुर्व्यवहारको विरोधमा विद्यार्थी र जुनियर चिकित्सकहरूले 'आरजी कर मेडिकल कलेज एण्ड हस्पिटल'मा प्रदर्शन जारी राखेका छन् ।

चिकित्सकको यो आन्दोलनको प्रभाव देशका अन्य स्थानहरूमा पनि परेको छ । चिकित्सकहरूले तेलंगाना, तमिलनाडु, उत्तर प्रदेश र मुम्बईलगायतका देशका धेरै सहरहरूमा विरोध प्रदर्शन गरेका छन् । कलकत्ता उच्च न्यायालयको आदेशपछि यो मुद्दा राज्य प्रहरीबाट केन्द्रीय अनुसन्धान ब्युरोमा स्थानान्तरण गरिएको छ ।

कलकत्ताको आरजी कर मेडिकल कलेजमा ड्युटीमा रहेका बेला एक स्नातकोत्तर प्रशिक्षार्थी चिकित्सकको बलात्कारपछि हत्या गरिएको विरोधमा विद्यार्थी तथा चिकित्सक आन्दोलित बनेका छन् भने चिकित्सा समुदायद्वारा देशव्यापी हडताल र विरोध प्रदर्शन गरिरहेका छन् । अगस्ट १४ मा आरजी कर मेडिकल कलेजमा रहेको अस्पताल परिसरमा प्रदर्शन गर्न जम्मा भएको भीडले तोडफोड गरेको थियो भने अस्पतालको सुरक्षालाई मध्यनजर गर्दै सुरक्षाकर्मी हवाइफायर र अश्रुग्याससमेत प्रयोग गरी भीडलाई तितरबितर पारेका थिए ।

कानुन र व्यवस्था कायम राख्न, कलकत्ता प्रहरीले आरजी कार मेडिकल कलेज र अस्पतालको वरिपरि अगस्ट १८ देखि कार्यान्वयन हुनेगरी संविधानको धारा १६३ लागू गरेको छ । जारी विरोध प्रदर्शनबीच कलकत्ता प्रहरीले मेडिकल कलेज र अस्पतालको वरिपरि सात दिनका लागि भारतीय नागरिक सुरक्षा संहिता (सन् २०२३ पहिले सिआरपिसीको धारा १४४) को धारा १६३ लागू गरिएको जनाएको छ । *रासस/एएएनआई*

# रुसी मिसाइल आक्रमणलाई विफल बनाएको युक्रेनको भनाइ



**किएभ–** युक्रेनी सेनाले राजधानी किएभमा भएको रुसी मिसाइल आक्रमणलाई विफल बनाएको बताएको छ । किएभमा आइतबार बिहानैदेखि हवाई आक्रमणको साइरन बजेको थियो । 'प्रत्येक आक्रममणको बीचमा छ दिनको स्पष्ट अन्तरालमा अगस्टमा राजधानीमा यो तेस्रो ब्यालिस्टिक मिसाइल आक्रमण हो,' किएभ सहर सैन्य प्रशासनले बिहानैको बमबारीपछि टेलिग्राममा पोस्ट गरेको छ ।

मिसाइल आक्रमणका साथ ड्रोनहरू किएभतर्फ गएको देखिएको थियो । 'दुश्मनका सबै ड्रोन सहरभन्दा धेरै टाढा नष्ट गरिएको छ,' पोस्टमा भनिएको छ ।

आक्रमणबाट कुनै क्षति वा हताहतको सूचना प्राप्त नभएको उल्लेख गर्दै प्रशासनले भनेको छ, 'सम्भवतः केएन-२३ प्रकारको उत्तर कोरियाली ब्यालेस्टिक मिसाइलहरूको प्रयोग गरिएको थियो ।'

संयुक्त राज्य अमेरिका र सोलले उत्तर कोरियामाथि युक्रेन युद्धका लागि रुसलाई गोला-बारुद र मिसाइलहरू उपलब्ध गराएको आरोप लगाएका छन् । किएभले बारम्बार पश्चिमका आफ्ना सहयोगीहरूसँग थप वायु-रक्षा प्रणाली उपलब्ध गराउन आह्वान गरेको छ ।

गता साता किएभ नजिकै रातभर भएको रुसी मिसाइल आक्रमणमा ३५ वर्षीय एक व्यक्ति र उनका चार वर्षीय छोराको मृत्यु भएको थियो । आक्रमणमा अन्य तीन जना गम्भीर घाइते भएका थिए । रुसी भूभागमा युक्रेनको हालैको अग्रतालाई मस्कोले 'कडा प्रतिक्रिया' दिने वाचा गरेपछि चिन्ता अझ बढेको छ ।

युक्रेनमाथि रुसी आक्रमणको साढे दुई वर्षपछि किएभका सैनिकहरूले गत साता कुर्स्क क्षेत्रमा ठूलो जवाफी आक्रमण गर्दा एक लाख २० हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । दोस्रो विश्वयुद्धपछि रुसी भूमिमा कुनै पनि विदेशी सेनाको सबैभन्दा ठूलो आक्रमणमा रुसको एक हजार १०० वर्गकिलोमिटरभन्दा बढी क्षेत्र कब्जा गरेको युक्रेनको दाबी छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १५२६०० | प्रति तोला - - | प्रति तोला - १८१०



**राखीको व्यापार** | भाइबहिनीबीचको अटुट प्रेमलाई दर्शाउने रक्षाबन्धन पर्वका अवसरमा कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० झलारी बजारमा बिक्रीका लागि राखिएको राखीलगायत सामग्री ।
*तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

## ‘रेडिमेड’ले विस्थापित गऱ्यो हातले बुन्ने राखी

■ हिमाल लम्साल

**वीरगञ्ज (पर्सा)**– वीरगञ्ज महानगरपालिका-२ छपकैयाका राजु श्रीवास्तवले दुई दशकअघिसम्म आफ्नै हातले बुनेका रक्षाबन्धन (धागोका डोरा-राखी) बेच्ने गर्थे । श्रीवास्तवले हातले विशेष खालको फोममा रंगीचंगी धागोको सहायताले रक्षाबन्धन तयार पारेर बेच्थे । समय बितेसँगै अहिले उनको परिवारले हातले बुनेर राखी तयार पार्न छाडिसकेको छ ।

बजारमा आउने थरीथरीका रंगीचंगी राखीसँग हातले बुनेको राखीले प्रतिस्पर्धा गर्न नसकेसँगै बनाउन छोडेको उनी बताउँछन् । ‘पहिला हातले आफैं राखी बनाएर बेच्ने गर्थ्यौं,’ उनले भने, ‘हाम्रो पुस्तैनी पेसा पनि राखी बनाउने पनि थियो, त्यो बेला विशेष खालको फोममा विभिन्न बुट्टेदार रङसहितको धागोले राखी तयार पार्ने गर्थ्यौं ।’ उनी बजारमा आउने कलात्मक र रंगीचंगी ‘रेडिमेड’ राखीसँग हातले बुनेर तयार पार्ने राखीले प्रतिस्पर्धा गर्न नसकेर बन्द गर्नुपरेको गुनासो गर्छन् । अहिले श्रीवास्तव आफैं नेपाल-भारतको सीमावर्ती बजार रक्सौलबाट किनेर ल्याएका राखी वीरगञ्जको गहवामाई मन्दिर प्रांगणमा बिक्री वितरण गर्दै आइरहेका छन् ।

यस वर्ष रक्षाबन्धन पर्व आज भदौ ३ गते परेको छ । यो वर्ष साउन शुक्ल पूर्णिमाका दिनमा मनाउने गरिन्छ । तराई-मधेसमा दिदीबहिनीले आफ्ना दाजुभाइको दाहिने नाडीमा कलात्मक ढंगले बनाएको राखी लगाइदिने चलन रहेको छ ।

‘अहिले बजारका रंगीचंगी रक्षाबन्धनले हातले मिहेनत गरेर बुनेका रक्षाबन्धनलाई विस्थापित गऱ्यो, त्यसैले अहिले बजारमा नै पाइने रेडिमेड रक्षाबन्धन ल्याएर बिक्री गर्दै आइरहेका छौं,’ श्रीवास्तवले भने । उनको अनुभवमा पहिलाजस्तो राखी किनमेलमा पनि सर्वसाधारणको रुचि कम हुँदै गइरहेको छ । ‘अहिले अधिकांश मधेसका युवा खाडी मुलुकमा कामको खोजीमा गएका छन्,’ उनले भने, ‘दिदीबहिनीले पनि आफ्ना दाजुभाइ यहाँ नभएपछि केका लागि राखी किन्ने हो र’

श्रीवास्तव जस्तै वीरगञ्जको माईस्थानमा मौसमीरूपमा बर्सेनि राखीको व्यापार गर्दै आइरहेका नन्दु साह पनि राखीको व्यापार घटेको बताउँछन् । ‘पहिला दिनकै रु १० हजारभन्दा धेरैको राखी बेचिन्थ्यो,’ उनले विगत स्मरण गर्दै भने, ‘अहिले मुस्किलले दुई हजार रूपैयाँको राखी बेच्न पनि मुस्किल भइसक्यो ।’

साहका अनुसार नेपाल-भारत सीमावर्ती बजार रक्सौलमा नै अधिकांश वीरगञ्जवासी खाद्यान्न, लत्ताकपडा र अन्य सामग्री किनमेल गर्न जाँदा उतैबाट राखी पनि किनेर आउँदा यहाँको बजारमा राखीको व्यापार घटेको छ । ‘अहिले यहाँका जो पनि रक्सौल नै किनमेलका लागि जान्छन्, उतैबाट राखीको सामान किनेर ल्याउँदा पनि समस्या भइरहेको छ,’ उनले भने, ‘अर्कोतर्फ वीरगञ्जको गल्लीगल्लीमा सबैले राखीको मात्रै व्यापार गर्दा पनि समस्या भएको हो ।’

यस वर्ष ५० हजार रूपैयाँ रकम खर्चेर विभिन्न थरीका राखी ल्याएर बिक्री वितरण गर्न लागेको उनले सुनाए । उनले भने, ‘अहिले सबै राखी बेच्न पनि समस्या हुने हो कि भन्ने डर लागिरहेको छ ।’ उनका अनुसार वीरगञ्जको पुरानो बजार मिनाबजार, गहवामाई मन्दिर परिसर, बिर्तालगायत ठाउँमा धेरै राखीको व्यापार हुने गर्छ । ‘पहिला-पहिला राखीको व्यापार गर्ने व्यापारी पनि निकै कम हुन्थे, तर अहिले जसले पनि राखीको व्यापार गर्नसक्ने भएकाले पनि बिक्री वितरण घटेको जस्तो लाग्छ,’ उनी भन्छन् ।

वीरगञ्ज महानगरपालिका-६ गहवामाईका राज सिंह पनि राखीको पर्याप्त व्यापार नभएकामा दुखी छन् । ‘पहिलाजस्तो राखी किन्ने मान्छेको उत्साह खासै देखिएको छैन,’ उनले भने, ‘आइतबार दिनभर र सोमबार अपराह्न २ बजेसम्मको अवधिमा राखी बिक्री हुने आशा गरेका छौं ।’ वीरगञ्ज आसपासको बजारमा अहिले पाँचदेखि २५० रूपैयाँ मूल्य पर्ने राखी बजारमा उपलब्ध रहेका छन् । *रासस*

## शोधनान्तर स्थिति पाँच खर्ब बचतमा

■ प्रभाव संवाददाता




**राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा खुद ट्रान्सफर १४.७ प्रतिशतले वृद्धि भई १५ खर्ब ७१ अर्ब २४ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्ष यस्तो ट्रान्सफर २२.५ प्रतिशतले बढेको थियो । गत आर्थिक वर्ष २०८०/८१ मा चालु खाता दुई खर्ब २१ अर्ब ३४ करोड रूपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्ष चालु खाता ४६ अर्ब ५७ करोड रूपैयाँले घाटामा रहेको थियो ।**

**काठमाडौं**– मुलुकको अर्थतन्त्रका बाह्य सूचकहरू बलियो देखिएका छन् । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्यांकमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार विप्रेषण आप्रवाह अघिल्लो आवकोभन्दा बढेको छ । विदेशी मुद्रा सञ्चिति सन्तोषजनक अवस्थामा छ भने शोधनान्तर स्थिति पाँच खर्ब रूपैयाँभन्दा बढीले बचतमा छ । आयात र निर्यात दुवै घट्दा वैदेशिक व्यापार घाटा अघिल्लो आवको तुलनामा घटेको छ ।

राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा खुद ट्रान्सफर १४.७ प्रतिशतले वृद्धि भई १५ खर्ब ७१ अर्ब २४ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्ष यस्तो ट्रान्सफर २२.५ प्रतिशतले बढेको थियो । गत आर्थिक वर्ष २०८०/८१ मा चालु खाता दुई खर्ब २१ अर्ब ३४ करोड रूपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्ष चालु खाता ४६ अर्ब ५७ करोड रूपैयाँले घाटामा रहेको थियो ।

गत आवमा पुँजीगत ट्रान्सफर २२.९ प्रतिशतले कमी आई पाँच अर्ब ८१ करोड रूपैयाँ पुगेको छभने खुद प्रत्यक्ष वैदेशिक लगानी आठ अर्ब ४० करोड रूपैयाँ कायम भएको छ । अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर सात अर्ब ५४ करोड रूपैयाँ र खुद प्रत्यक्ष वैदेशिक लगानी छ अर्ब १७ करोड रूपैयाँ रहेको थियो ।

गत आर्थिक वर्षमा शोधनान्तर स्थिति पाँच खर्ब दुई अर्ब ४९ करोड रूपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति दुई खर्ब ८५ अर्ब ८२ करोड रूपैयाँले बचतमा रहेको थियो । २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रूपैयाँबराबर रहेको कूल विदेशी विनिमय सञ्चिति ३२.६ प्रतिशतले बढेर २०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड रूपैयाँ कायम भएको छ ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८० असार मसान्तमा १३ खर्ब ४५ अर्ब ७८ करोड रूपैयाँ रहेकामा २०८१ असार मसान्तमा ३७.४ प्रतिशतले वृद्धि भई १८ खर्ब ४८ अर्ब ५५ करोड रूपैयाँ कायम भएको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा एक खर्ब ९३ अर्ब ५९ करोड रूपैयाँ रहेकोमा २०८१ असार मसान्तमा ०.५ प्रतिशतले कमी आई एक खर्ब ९२ अर्ब ५५ करोड रूपैयाँ पुगेको छ । गत असार मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.५ प्रतिशत रहेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५.६ महिनाको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ । गत असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कूल गार्हस्थ उत्पादन, कूल आयात र विस्तृत मुद्रा प्रदायकसँगका अनुपातहरू क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत र २९.३ प्रतिशत रहेका छन् । २०८० असार मसान्तमा यी अनुपातहरू क्रमशः २८.८ प्रतिशत, ८३ प्रतिशत र २५ प्रतिशत रहेका थिए । गत असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति २१ खर्ब ७६ अर्ब ९८ करोड रूपैयाँ तथा दायित्व १८ खर्ब ९० अर्ब ६० करोड रूपैयाँ रहेको छ ।

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक संसद्मा

**काठमाडौं (प्रस)**– सरकारले ‘आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८१’ संसद्मा दर्ता गरेको छ । सरकारको नीति तथा कार्यक्रम एवं वार्षिक बजेट पेस गर्ने प्रक्रियामा हुने छलफलका लागि पर्याप्त समय उपलब्ध गराउन, बजेट प्रणालीबाहिरका सार्वजनिक निकायबाट सरकारलाई पर्ने थप आर्थिक दायित्वलाई व्यवस्थित गर्न र बेरुजु फर्स्योटलाई प्रभावकारी बनाउन सरकारले उक्त विधेयक संसद्मा दर्ता गरेको हो ।

संघीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन, व्यवस्थापन तथा सोसँग सम्बन्धित आर्थिक गतिविधिलाई व्यवस्थित गर्ने उद्देश्यसहित ल्याइएको यो विधेयक अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गत शुक्रबार संसद्मा दर्ता गरेका हुन् । मन्त्रिपरिषद्को गत असार १७ गतेको निर्णयले यो विधेयक संसद्मा पेस गर्न स्वीकृति प्रदान भएको थियो । गत माघमा सरकारले अध्यादेशमार्फत यो ऐन संशोधनको प्रक्रिया थालेको थियो तर तोकिएको समयभित्र अध्यादेश संसद्बाट पारित हुन सकेन ।

प्रदेश, स्थानीय तह र बजेट प्रणालीबाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले त्यस्तो तह वा निकायसँग सम्बन्धित प्रचलित कानुनको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयको स्वीकृतिबमोजिम लेखा राखिने व्यवस्था विधेयकमा थप गरिएको छ ।

राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्ने प्रावधानलाई संशोधन गर्न लागिएको छ । विधेयकमा माघ मसान्तसम्ममा बजेट सिलिङ तयार पारिसक्नुपर्ने उल्लेख छ ।

त्यस्तै, योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा रहने राष्ट्रिय स्रोत अनुमान समितिले तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारणसम्बन्धी प्रतिवेदन अर्थमन्त्रीसमक्ष फागुन ७ गतेभित्रमा पेस गरिसक्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ । ‘स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेटको सीमा, मध्यमकालीन खर्च संरचनाको खाका, राष्ट्रिय गौरवका आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितताबमोजिमको आवश्यक रकमसमेत उल्लेख गरी बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनुपर्ने छ,’ विधेयकमा भनिएको छ ।

मूल ऐनको दफा ११ मा पनि संशोधन प्रस्ताव गरिएको छ । प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिन अगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण संघीय संसद्मा प्रस्तुत गर्नुपर्ने व्यवस्था संशोधन गर्न लागिएको छ । विधेयकको व्यवस्थाअनुसार तीन महिना अगावै बजेटका सिद्धान्त तथा प्राथमिकता संघीय संसद्मा पेस गरिसक्नुपर्ने छ । बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण संघीय संसद्मा पेस भएपछि संघीय संसद्ले सो उपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नुपर्ने वा हटाउनुपर्ने वा सोसम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा चैत महिनाको १५ गतेभित्र त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाइसक्नुपर्ने छ ।

त्यसैगरी, मूल ऐनको दफा २१ मा पनि संशोधन प्रस्ताव गरिएको छ । विभिन्न निकाय तथा अन्तर्गतका कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको पहिलो चौमासिकसम्ममा विभाजन नगरेमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्नसक्ने व्यवस्था थियो । त्यसलाई ‘पहिलो चौमासिकसम्म’ भन्ने शब्दको सट्टा ‘असोज मसान्तसम्म’ भन्ने शब्द राखिएको छ । अर्थात् विभाजन गर्नुपर्नेगरी विनियोजन भएको रकम पहिलो त्रैमासभित्र हुन नसकेमा अर्थ मन्त्रालयले रोक्का राख्न सक्ने छ ।

विधेयकमार्फत बजेट समर्पण (सरेन्डर) सम्बन्धी व्यवस्थामा पनि संशोधन गर्न लागिएको छ । हालको व्यवस्थाअनुसार विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत १४ गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गरिसक्नुपर्ने प्रावधान छ । त्यसलाई संशोधन गरी माघ १५ गतेसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने देखिएमा फागुन १५ गतेभित्र बजेट समर्पण गरिसक्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ